लेखापरीक्षण प्रतिवेदन

थाहा नगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

थाहा नगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/179

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
थाहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इन्द्रायणी चौर, मकवानपुर ।

कैफियत सहितको राय

हामीले थाहा नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यो नगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१७ करोड ६१ लाख ३० हजार,

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४२ लाख ४० हजार र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२७ लाख ५३ हजार समेत गरी रू.१८ करोड ३१ लाख २३ हजार समावेश गरेको छैन ।

२. यो नगरपालिकाको रु.२ अर्व ३ करोड ३ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा रू.५ करोड २८ लाख ५९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.४४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२९ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६३ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १७ लाख १० हजार, सोधभर्ना नलिएको रु.३३ हजार र पेस्की बाँकी रु.१७ लाख ७२ हजार रहेको छ । गत वर्षसम्म रु.१७ करोड ५१ लाख ७१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१९ करोड १२ लाख २२ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. यो नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य व्यहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५६	१५०	५,२८,५८,६२०	०	७	४४,३४२	०	५६	१४३	५,२८,१४,२८०	२९,८२,५७७	२,१७,०९,६८६	२,६३,१७,५६३	०	३२७६२	४,८०,६०,००८	१७,७१,६९२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	१७,५१,७१,००८	०	३,६७,६३,०००	१३८४०८००८	०	५,२८,१४,२८०	१९१२२२२८८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	७१	संयोजक भत्ता :	६,५४५
२	२०८०/८१	५५	भ्रमण खर्च	२०,५००
३	२०८०/८१	५६	बढी भुक्तानी :	८,८००
४	२०८०/८१	७४	बढी ग्रेड भुक्तानी :	२,५४७
५	२०८०/८१	७३	तालीम अनुगमन :	५,९५०
६	२०७८/७९	१२	पेश्की बाँकी :	२,००,०००
७	२०७८/७९	५	अवास्तविक खर्च लेखाङ्कन :	३,६५,६३,०००

जम्मा	३,६८,०७,३४४

(८०३३२४०१३०० - थाहा नगरपालिका, मकवानपुर)

परिचय

१

क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता उत्तरदायित्व पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १९१.१२ वर्ग किलोमिटर तथा ३८८७० जना जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।१९ देखि २०८१।९।२३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको विनियोजन, राजस्व, धरौटी, अन्य कारोवार तथा आय-व्ययतर्फको गरी जम्मा रु.२,०३,०३,७५,०३०।४७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा बढि भुक्तानी भएको रु.१५,०२०।- असुल भई मिति २०८१।९।२६ र २०८०।१०।३ मा नेपाल बैंक लिमिटेडमा दाखिला भएको भौचर पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरणको परीक्षणः

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्वअनुदान र अन्य प्राप्ति							
११०००	कर		२१६९१५९०६.१७	०.००	२१६९१५९०६.१७	२०८६६६७४७.४६	०.००	२०८६६६७४७.४६
१३०००	अनुदान		५२८९९१५१०.७०	०.००	५२८९९१५१०.७०	४९४५५३९२२.५३	०.००	४९४५५३९२२.५३
१४०००	अन्य राजस्व		४२८२२९८७.८५	०.००	४२८२२९८७.८५	३७९२१८४५.७२	०.००	३७९२१८४५.७२
क	**कुल जम्मा प्राप्ति**		७८८७३०४०४.७२		७८८७३०४०४.७२	७४११४२५१५.७१		७४११४२५१५.७१
३	चालु		४६६६०३२६६.२७	०.००	४६६६०३२६६.२७	४७१०४६०३१.५९	०.००	४७१०४६०३१.५९
२१०००	पारिश्रमिक / सुविधा		२८९४४२७५६.८४	०.००	२८९४४२७५६.८४	२५६८३६३८९.६४	०.००	२५६८३६३८९.६४
२२०००	मालसामान तथा सेवाको उपयोग		१३४२५३००६.४३	०.००	१३४२५३००६.४३	१४५५९६१४१.५२	०.००	१४५५९६१४१.५२
२५०००	सहायता (Subsidy)		३५८१०३३२.००	०.००	३५८१०३३२.००	८६१३१४२.००	०.००	८६१३१४२.००
२६०००	अनुदान		०.००	०.००	०.००	४२१९२०००.००	०.००	४२१९२०००.००
२७०००	सामाजिक सुरक्षा		६७२९४३४.००	०.००	६७२९४३४.००	१०४१५५५४.४३	०.००	१०४१५५५४.४३
२८०००	अन्य खर्च		३६७७३७.००	०.००	३६७७३७.००	७३९२८०४.००	०.००	७३९२८०४.००
४	पूंजीगत		३६२०७९६६९.२६	०.००	३६२०७९६६९.२६	४७५२६७२२४.६३	०.००	४७५२६७२२४.६३
३१११०	भवन तथा संरचना		६९५८१११८.७५	०.००	६९५८१११८.७५	३०११८१२९.४३	०.००	३०११८१२९.४३
३११२०	सवारी साधनमेशिनरी औजारफर्निचर्स तथा फिक्चर्स		५६३५६३२.००	०.००	५६३५६३२.००	९२७६९०९.००	०.००	९२७६९०९.००
३११३०	अन्य पूँजीगत खर्च		१८५६५८९४.५०	०.००	१८५६५८९४.५०	४९०१०५२.००	०.००	४९०१०५२.००
३११४०	सुरक्षा उपकरण		०.००	०.००	०.००	७७०८००.००	०.००	७७०८००.००
३११५०	सार्वजनिक निर्माण		२६८०९७०२४.०१	०.००	२६८०९७०२४.०१	४२८४४६९५७.२०	०.००	४२८४४६९५७.२०
३११७०	पूँजीगत सुधार खर्च		२०००००.००	०.००	२०००००.००	१७५३३७७.००	०.००	१७५३३७७.००
ख)	**कुल जम्मा**		८२८६८२९३५.५३		८२८६८२९३५.५३	९४६३१३२५६.२२		९४६३१३२५६.२२

	भुक्तानी							
ग)	**बचत /कमी (ग = क-ख)**		(३९९५२५३०.८१)		(३९९५२५३०.८१)	(२०५१७०७४०.५१)		(२०५१७०७४०.५१)
घ)	**धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**		(११२१४३४२.१८)		(११२१४३४२.१८)	११३०८७२२.९४		११३०८७२२.९४
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**		(७५६४४.७३)		(७५६४४.७३)	(२३९२०.००)		(२३९२०.००)
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(५११६६८७२.९९)		(५११६६८७२.९९)	(१९३८६२०१७.५७)		(१९३८६२०१७.५७)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		८३५४६५९३.४२		८३५४६५९३.४२	२७७४०८६१०.९९		२७७४०८६१०.९९
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		३२३७९७२०.४३		३२३७९७२०.४३	८३५४६५९३.४२		८३५४६५९३.४२

नगरपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
१.	सामाजिक सुरक्षा तथा संरक्षण	१७८५९२३२०	१७६१३०१११
२.	राष्ट्रपति महिला सशक्तिकरण परियोजना	८९००००	०
३.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४३३५०००	४२४००००
४.	एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम	३८८३०००	२७५३१६८
जम्माः		**१८७७००३२०**	**१८३१२३२७९**

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७,६१,३०,१११।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४२,४०,०००।- र एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रमबाट रु.२७,५३,१६८।- गरी रु.१८,३१,२३,२७९।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट

तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.८,३९,८३,०१३।४२ मौज्दात रहेकोमा यो वर्ष रु.८,३५,४६,५९३।४२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४,३६,४२०।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,३६,४२०

२.४ **मौज्दात रकम :** यस वर्षको वित्तीय विवरण-२७० मा आर्थिक वर्षको अन्तको बाँकी नगद तथा बैंक मौज्दात रु.३,२३,७९,७२०।४३ देखाएतापनि पालिकाको सबै आम्दानी, खर्च, कोषहरु, धरौटी र गत वर्षको मौज्दात परीक्षण गर्दा यस वर्षको मौज्दात रु.४,८५,८९,५३३।५५ देखिन्छ । साथै टिप्पणी ६.२ नगद र बैंक मौज्दात बमोजिम रु.४,४७,४३,४९३।४७ देखिन्छ । पालिकाले यस वर्ष रु.३८,४६,०४०।०८ घटी मौज्दात देखाएकोले सो फरक रकम के कति कारणले घटि देखाएको हो यकिन गरी वास्तविक मौज्दात यकिन गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको बैंक अनुसार रु.३,९३,०७,२१३।- र श्रेस्ता अनुसार रु.४,४७,४३,४९३।४७ रहेकोले श्रेस्ता भन्दा बैंकमा रु.५४,३६,२८०।३८ कम देखिन्छ । पालिकाले पेश गरेको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २१२) अनुसार श्रेस्तामा भन्दा बैङ्कमा ५४ लाख ३६ हजार २८०।३८ न्युन देखिएकोले कारण पत्ता लगाई एकिन गरी प्रमाण पेश गर्नु पर्ने रु.

संकेत	**कोष खाता**	**स्रेस्ता अनुसार बाँकी रकम**	**बैंक स्टेटमेन्ट अनुसार बाँकी रकम**	**फरक**
ग १.१	आन्तरिकराजस्व खाता	५८७२७२३.२८	०	-५८७२७२३.२८
ग १.२	बाँडफाँटबाटप्राप्त राजस्व खाता	०	०	०.००
ग १.३	आन्तरिकअनुदान खाता	०	०	०.००
ग ६.१	स्थानीयतह विभाज्य कोष खाता	०	०	०.००
ग ४.१	स्थानीयतह सञ्चित कोष खाता	७६३५३३३.७०	६६८४४९४.११	-९५०८३९.५९
ग ३.१	स्थानीयतह धरौटी खाता	२१४०२३५४.२४	२२६६६४२४.००	१२६४०६९.७६
ग २.१	चालूखर्च खाता- विजोर वर्ष	(७१५९४.७३)	०	७१५९४.७३
ग २.३	पूँजिगतखर्च खाता- विजोर वर्ष	(४०५०.००)	०	४०५०.००
ग २.५	वित्तीयव्यवस्था खर्च खाता- विजोर वर्ष	०	०	०.००
ग २.७	विविधखर्च खाता	४९४४९१२.०४	४९४४९१२.०४	०.००
ग ५.१	स्थानीयतह विविध कोष खाता	४९६३८१४.९४	४९६३८१४.९४	०.००
ग ७.२	स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	०	४७५६८.००	४७५६८.००
जम्मा		**४४७४३४९३.४७**	**३९३०७२१३.०९**	**-५४३६२८०.३८**

प्रमाण पेश नगरेको	५४,३६,२८०.३८

२.६ **कर दायित्व :** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार यस वर्ष विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रु.७५,६४४।७३ दाखिला गर्न बाँकी देखाएको छ । सो कर दायित्व रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेकोले यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७५,६४४

२.७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.(७१,५९४।७३), पूँजीगत खर्च खातामा रु.(४,०५०।-) घटी र आन्तरिक राजस्व खातामा रु.५८,७२,७२३।२८ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयासको अभिलेख राखेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन,
- सडक ढलान लगायतका क्रियाकलापमा सडक विभागको नर्म्स प्रयोग गरेको पाइएन,
- निर्माण सामाग्रीको ढुवानी समेत उपलब्ध गराएको खर्चको नगरसभावाट अनुमोदन गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०४ को नियम ९ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन,
- रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरेको पाइएन,

- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने कार्य गरेको पाइएन,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो राखेको पाइएन,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **कर, दस्तुर तथा आन्तरिक आयतर्फः**

४.१ **आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु.१६,९०,९८,४५८। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६,०७,७२,४८०।६६ अर्थात् अनुमान भन्दा ३५.९४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४.२ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४०८८७५३४५.००	६०७७२४८०.६६	१४.८६

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १४.८६ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२७०५००००	३४७८३६०५.३२	१२८.५९
घरजग्गा वहाल कर	२००००००	२६७०१८९.६८	१३३.५०
व्यवसाय कर	३००००००	३०४५१७६	१०१.५०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

४.४ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३०,४५,१७६।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

५ योजना तथा बजेटतर्फः

५.१ **बजेट पेश पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी आषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुखले मिति २०८०।०३।७ मा रु.९८,८८,४१,८०७।- को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

५.२ **रकमान्तर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका योजना तथा कार्यक्रममा ४६ वटामा बढाएर र ४५ वटामा बजेट घटी गरी रु. ५,००,१२,३५५।- रकमान्तर गरेको छ । यसरी पटक पटक रकमान्तर गर्दा बित्तीय सुशासन कायम हुने देखिदैन । कारण बेगर पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५.३ **मध्यकालिन खर्च संरचना :** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय तहले आगामी बर्षमा कार्यान्वयन हुने योजनाको साथै थप २ बर्षको कार्यान्वयन हुने योजना र त्यसको स्रोतको सुनिश्चितताको आधारमा बजेट कार्यान्वयन हुने व्यवस्था छ तर यस पालिकाले उक्त मध्यकालिन खर्च संरचना तयार गरेको छैन । खर्च संरचनाको अभावमा भविष्यमा कार्यान्वयन हुने योजनाहरु र तीनको कार्यान्वयन गर्न स्रोतको अस्पष्टता हुने हुँदा योजनाको कार्यान्वयन पक्ष फितलो हुने योजना अलपत्र हुने भएकोले खर्च संरचनाको आधारमा बजेट र योजना प्रणालीलाई कार्यान्वयन गर्नु प्रभावकारी हुन्छ ।

५.४ **दिगो विकास योजना :** संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वयन गर्न नेपालले १६ वटा वुँदा प्रतिवद्धता व्यक्त गरी ती लक्ष्यको स्थानीकरण र आन्तरिकीकरण गरेको छ । पूर्वाधार, कृषि, पशु, उर्जा, समाजकल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका बिषयहरु संघीयता सँगै स्थानीय स्तरमा हस्तान्तरण र निक्षेपित भैसकेको छन् । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय तहले सूचक निर्धारण गर्ने डाटा तयार गर्ने प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन । स्थानीय तहले बार्षिक बजेट बमोजिम नै पुरानै शैलीमै कार्य गरेका छन् । दिगो विकासको लक्ष्य अनुरुप कार्यक्रम बनाउने

समन्वय गर्ने अभिलेख र तथ्यांक राखी दिगो विकासको राष्ट्रिय सूचक हाँसिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो विकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागू गरी अभिलेख र सूचना प्रणाली प्रभावकारी बनाउनुपर्दछ ।

५.५ **योजना प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जूमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागीता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१५ योजनामा बजेट विनियोजन गरेको छ

क्र.सं.	**कार्यक्रमको नाम**	**योजना संख्या**	**रु.२० लाख माथिका योजना संख्या**	**रु.५ लाखदेखि २० लाखसम्मका योजना संख्या**	**रु.५ लाख भन्दा कमका योजना संख्या**
१	पालिकास्तरीय	२०४	२४	८५	९५
२	वडास्तरीय	१११	१	२६	८४
जम्माः		**३१५**	**२५**	**१११**	**१७**

उपरोक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३१० योजना मात्र कार्यान्वयन भई ५ वटा योजना संशोधन गरी कार्यान्वयनमा गएको देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६ **वार्षिक खरिद योजना:**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३६,२०,७९,६६९।२६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७ **ढुवानी:**

पूँजीगत खरिद कार्य व्यवस्थापनको लागि पालिकाले खरिद नियमावली तयार गरेको छैन भने आफ्नै पालिको दर विश्लेषण समेत स्वीकृत गरेको छैन । पालिकाले विना स्वीकृति निर्माण समाग्रीमा ढुवानी वापत रकम जोडी कार्य गराएको छ । पालिका प्रशासनले आधार विना समाग्रीमा विभिन्न दरमा ढुवानी खर्च जोडी कार्य गरेको छ । यो वर्ष ढुवानी थप गरी भुक्तानी गरेको रकमको सभाबाट अनुमोदन गराएको छैन । तसर्थ पालिकाले आवश्यकता, व्यवहारिकता र औचित्यको आधारमा पालिका केन्द्रबाट कति किलोमिटर सम्म ढुवानी दिने र कति किलोमिटरबाट ढुवानी समेत जोडेर कार्य गराउने भन्ने एकिन गर्नुपर्दछ । टाढाका वडाका कार्य हुने स्थान, भौगोलिक विकटता, निकटताको आधार लिई कार्य गर्नुपर्दछ। यो बर्ष निम्नानुसार खपत भएका पूँजीगत खरिदजन्य कार्यमा ढुवानी खर्च लेखेकोमा सभावाट अनुमोदन गरेको छैन । ढुवानीको आवश्यकता, औचित्य बेगर खर्च लेख्नाले पालिकाको खर्चमा थप ब्ययभार सिर्जना हुन्छ । अत: आधार, प्रमाण र पुस्ट्याईको आधारमा ढुवानी खर्च लेख्नु पर्दछ ।

खरिद कार्य	परिमाण(घन.मी)	ढुवानीको दर	भुक्तानीको रकम
M15 ढलान	८२१५	७८६	६४५६९९०
जालीढुङ्गा	६५२	४८	३१२९६
ग्रावेल	९९३८	३३	३२७९५४
इटा	२११।३०	१११	२३४२१
जम्मा			**६८३९६६१**

८ **अनुदानको अनुगमन:**

थाहा नगरपालिकाले पालिका पूँजीगत कार्यक्रम, संघीय शर्शत कार्यक्रम, प्रदेश शर्शत कार्यक्रमवाट अनुदानमा सिल्पोलिन, मल्चिङ्ग र स्प्रेयर, नमुना टनेल, कृषिमा यान्त्रीकरण, वायोटिन कृषि चुन, मेयर वडास्तरीय कार्यक्रम, हाइब्रिड मकै विउ, धानविउँ वितरण, तरकारी खेती तालीम लगायतका कार्यक्रम सञ्चालन गरी ५० प्रतिशत अनुदान, ७५ प्रतिशत अनुदान र १०० प्रतिशत गरी विभिन्न कृषक उत्प्रेरणा, खेति प्रवर्द्धन गरी नगरवासीको जीवनस्तरमा सुधार ल्याउने उद्देश्य राखेको छ ।यसरी अनुदान वितरण गर्दा समूह तथा सहकारी मार्फत वितरण गरेको देखियो। पालिकाले निम्नानुसार मुख्य विषयमा अनुदान वर्षेनी वितरण गर्दै आएको छ। यो वर्ष समेत रु १४७०२४३२ अनुदान प्रदान गरेकोमा लाभग्राही वा अनुदानग्राही जनताको आवश्यकताको आँकलन गर्ने, अनुदानग्राहीबाट अपेक्षित उत्पादकत्व वा आम्दानी बढाउने आधार एकिन गर्ने समूहमा वितरण भएको सामाग्री र औजारको सदुपयोग भएको एकिन गर्न अनुगमन गरेको छैन । अनुगमनको अभावमा अनुदान वितरण गरी सञ्चालन भएका कार्यक्रमको प्रभावकारीता एकिन गर्न सकिएन ।अनुदानको प्रभावकारीता देखिने गरी खर्चको आधार सुनिश्चित गर्ने र उपयोगको प्रभावकारीता एकिन गरी अनुदान अभिलेख पेश हुनुपर्दछ । गत विगत देखि नै कृषि अनुदान र कृषक उत्प्रेरणामूलक कार्यक्रम संचालन गरेकोमा व्यवस्थित अभिलेख कायम गरेको छैन । प्रत्येक बर्षको र हालसम्मको अनुदान वितरणको स्पष्ट अभिलेख, असर र प्रभावको लेखा जोखा गर्नुपर्दछ।

अनुदान कार्यक्रम	परिमाण	सामान	लाभग्राहि समूह सहकारी	अनुदान रकम
५० प्रतिशत अनुदानमा सिल्पोलिङ्ग. मल्चिङ्ग र स्पेयर वितरण	१५६	स्पेयर	११७	१९८४६६०
नमुना टनेलमा ५० प्रतिशत पूँजीगत अनुदान	५०० वर्ग मि		३८	३९६३२१७
नमुना टनेलमा ५० प्रतिशत पूँजीगत अनुदान	२५०० वर्ग मि		५	१९६४३६८
कृषि यान्त्रिकरणमा ५० प्रतिशत अनुदान	६९	मिनिटिलर	५१	१५४३०००
वायोटिन कृषि चुन ७५ प्रतिशत अनुदान	३३३३ के जि		९३	६०००००
मेयर वडास्तरीय तरकारली उधोग ५० प्रतिशत अनुदान	२	मिनिटिलर	३	५५०००
कुँच्वु एकिकृत कृषक समूह मिनिटिलर	२५	पेट्रोल	४०	१६२५०००
सुन्तलावारी कृषि सहकारी संस्था मिनिटिलर	३९	पेट्रोल	५०	८७७५००
नवप्रगतिशिल पशुपंछी तथा कृषि सहकारी,	मिनिटिलर, पेट्रोल पम्प स्पेयर			९०४८७५
हाइव्रिड धानको विउँमा ५० प्रतिशत अनुदान	१४३० के जि	धान विउ		३९३२५०
हाइव्रिड मकै विउँमा ५० प्रतिशत अनुदान	२५३३ के जि	मकै विउ		७९१५६२
पकेट विकास कार्यक्रम	३	मिनिटिलर		६७५००
कृषि सहकारी सस्था मिनिटिलर	३	मिनिटिर		१०५०००
मकैवालि प्रवद्धन कार्यक्रम वसन्त कृषि सहकारी मिनिटिलर	८			३६५००
जनता कृषक समूह थाहा २	२३	मिनिटिलर पम्प		५०००००
आग्रा कृषि सहकारी संस्था तरकाली खेति				७६२५००
तरकाली खेति प्रवद्धर्न कार्यक्रम कृषि				४४१०००
जम्मा				**१४७०२४३२**

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत(जम्मा खर्चको तुलनामा)
१	आर्थिकविकास	५३७४६५००.००	४१३८८०८२.१२	५
२	पूर्वाधार विकास	४१०२०५४६५.००	३०१२४७२०६.७६	३६.३५
३	सामाजिक विकास	३९६५५५४९९.००	३४८२३२४६७.६८	४२.०२
४	सुशासन तथा अन्य अन्तरसम्बन्धित	२४३२५०००.००	१९४५४८८१.००	२.३५
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१४४८४०८०१.००	११८३६०२९७.९७	१४.२८
जम्मा		**१०२९६७३२६५.००**	**८२८६८२९३५.५३**	**१००**

उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५ प्रतिशत, पूर्वाधारतर्फ ३६.३५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४२.०२ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ०.६५ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ २२.७५ प्रतिशत, सुशासन तथा अन्य अन्तर सम्बन्धित तर्फ २.३५ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ १४.२८ प्रतिशतले खर्च गरेको छ । आर्थिक विकासतर्फ ५ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ । साथै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिवृद्धि गर्नुपर्दछ ।

१० **खर्च बिश्लेषण :**

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. ६,०७,७२,४८०।६६ राजस्व बाँडफाँट र अनुदानबाट रु.७३,१८,००,७९६।१४ समेत रु.७९,२५,७३,२७६।८० आम्दानी भएकोमा चालु तर्फ रु.४६,६६,०३,२६६।२७ र पूँजीगत तर्फ रु.३६,२०,७९,६६९।२६ गरी जम्मा रु.८२,८६,८२,९३५।५३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.३३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु.१,१०,७०,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १८.२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७३.७६ प्रतिशत चालु र ४९.४७ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **त्रैमासिक पूँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च रु. हजारमा				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पूँजीगत खर्चतर्फ	३६२०८०	३८५१९	३५५६५	११३५४८	१७४४४७	१०२०२९
प्रतिशत	१००	१०.६४	९.८२	३१.३६	४८.१८	२८.१७

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.३६ करोड २० लाख ८० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३ करोड ८५ लाख १९ हजार(१०.६४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड ५५ लाख ६५ हजार(९.८२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.११ करोड ३५ लाख ४८ हजार(३१.३६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१७ करोड ४४ लाख ४७ हजार(४८.१८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड २० लाख २९ हजार(२८.१७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक

रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **पूँजीगत खर्चको अवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट ३१५ योजनाको लागि रु.३६,२०,७९,६६९।२६ खर्च गरेकोमा रु.१६,२२,७३,११२।- अर्थात् ४४.८२ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये उपभोक्ता समितिबाट रु.१९,९८,०६,५५७।- को खरिद गरेको छ । उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१३ **अनुदान फिर्तातर्फः**

१३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संघीय तथा प्रदेशको वित्तीय हस्तान्तरण गरेको समपुरक तथा शर्शत अनुदानको रकम सम्बन्धित तहमा खर्च नभई बाँकी रहेमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत विभिन्न सालवसाली योजनाहरु कार्यान्वयन गर्न संघीय र प्रदेशवाट वित्तीय हस्तान्तरण स्वरुप प्राप्त देहायको रकम फिर्ता नगरी पुन: दोश्रो चरणमा ठेक्का ब्यवस्थापन गरी कार्य गरेकोले प्रदेश शसर्त र समपुरकको बाँकी रकम फिर्ता भएको देखिएन । एक पटक निश्चित भैसकेको रकममा खर्च गरी बाँकी रहेको रकम फिर्ता नगरी कार्यक्रम सञ्चालन गरेकोले नियम सम्मत नभएको रु ६६,४०,६५९।०४

य◌ोजना	स्रोत	फिर्ता गर्नुपर्ने रकम
बाराहिचौर-ढल्टारोडरोड सडक	प्रदेश समपुरक	४८२७४०७।५
जुंगलखोला-चन्द्रागिरी सडक(प्रदेश शर्शत)	प्रदेश शर्शत	१८१३२५२।३४
जम्मा		**६६४०६५९।०४**

अनियमित भएको	६६,४०,६५९

१३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संघीय तथा प्रदेशको वित्तीय हस्तान्तरण गरेको समपुरक तथा शर्शत अनुदानको रकम सम्बन्धित तहमा खर्च नभई बाँकी रहेमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्रदेश समपुरक अनुदान स्वरुप नगरपालिकाले कुल्गाँउ कुन्छाल भित्रिरोड निर्माण गर्न उपलब्ध भएको रकम मध्ये ठेक्का अनुपातमा प्रत्येक रनिङ्ग विलको भुक्तानीको आधारमा भुक्तानी गर्नुपर्नेमा स्थानीय तहबाट भुक्तानी गर्नुपर्ने भन्दा कम र संघ र प्रदेशवाट रु २७ लाख ३० हजारले बढी भुक्तानी भएकोले उक्त रकम प्रदेशमा फिर्ता हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२७,३०,०००

१४ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १०.१७ देखि ४१.०९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमानै

गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सि न	ठेक्काको न.	कामको विवरण	निर्माण कर्ताको नाम	स्वीकृत लागतअनुमान vat र ps सहित	सम्झौता रकम vat र ps	फरक प्रतिशत
१	Pro/gahatekholakharka road-10/080/81	Upgrading of Gahate Khola kharka road	B&P Nirman Sewa,Thaha-06,Mkawnapur	१९४९३८३५.९०	१३६४५८५६.९२	३०
२	Pro/chisapaniwatersupplys-11/080/81	Chisapani water supply maintenance work	Ashesha Construction PVt.Ltd,Kathmandu	५८२२५४६.९०	५२३०६४९.०४	१०.१७
३	Pro/chaubaswatersupply-12/080/81	Chaubas Mulkhola water supply work(2nd phase)	Ashesha Construction PVt.Ltd,Kathmandu	२५२५२८४.३९	२२४२५९७.१९	११.१९
४	Pro/jungekholachandragiri road -14/080/81	(Upgrading of Jungekhola-Chandragiri Road)	Indrasarowar Construction Pvt.Ltd.,Suryabinayak,Bhaktpur	७९७८३४६.३१	५१४०९०८.५८	३५.५६
५	Pro/kulgaunkunchalroad-08/080/8	1(Upgrading of Kulgaun Kunchal Bhitri Road)	RDR-Palchok JV,Kathmandu	३००२३२६३.११	२३५९१४५८.६५	२१.४२
६	Pro/barahicharuroad-09/080/81	(Upgrading of Barahichaur Road)	NABD-Basnet_Janmabhumi JV	२९६७०८५५.३९	१२२१७४६४०.२८	२५.२६
७	CEN/daman-tasarroad -15/080/81	(Upgrading of Daman-Pingdanda-Bhattidanda-Tasar Road)	Chandra Surya Construction,Gaighat,Udayaur	९७४३४३४.३१	७४१७४२५.१६	२३.८७
८	rbn/dobato-dandabasroad-16/080/81	(Maintenance of Dobato-Dandabas Road)	B&P Nirman Sewa,Thaha-06,Mkawnapur	९६६५९५३.९१	८४९११८३.५२	१२.१५
९	Pro/kulgaunkunchalroad-18/080/81	(Upgrading of Kulgaun Kunchal Bhitri Road (II))	Srijana Construction Pvt.Ltd.,	७९४८५५०.२९	५८८१८१७.५६	२६
१०	Pro/barahicharuroad-19/080/81	(Upgrading of Barahichaur-Dhalta Road(II))	Visma Nirman Sewa,Simara	९६५४८१५.४५	६०८०४६९.६३	३७.०२
११	Pro/gahatekholakharka road-20/080/81	Upgrading of Gahate Khola kharka Road (II))	Srijana Construction Pvt.Ltd.	६८५५८४५.८४	५६६९१३२.६८	१७.३१
१२	CEN/daman-tasarroad -21/080/81	(Upgrading of Daman-Pingdanda-Bhattidanda-Tasar Road (II))	B&P Nirman Sewa,Thaha-06,Mkawnapur	२८०६६००.८८	२४१२५६४.९१	१४.०४

१३	Pro/jungekholachandragiri road -22/080/81	(Upgrading of Jungekhola-Chandragiri Road (II))	Indrasarowar Construction Pvt.Ltd.,Suryabinayak,Bhaktpur	३६२६५०४.६९	३०४२८०५	१६.१०
१४	janakalyanworks(II) -23/080/81	Constrution of Janakalyan School Canteen, hostel building and other work	Ricon Nirman Sewa,kathmandu	१९४८२२९४.४८	११४७७१३५.७२	४१.०९
जम्मा				**१६५२९८१३१.९०**	**१२२४९८६४४.८०**	**७४.११**

१५ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१६ **परामर्स तथा डीपीआर खर्च :**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	**परामर्श दाता**	**स्वीकृत रकम**	**यो बर्ष खर्च रकम**
DPR of Narayanhiti Kuslechaur Budhikholcha road ,ward-09(LOC/Road-04/079/80)	Embark Engineering Services Pvt.Ltd.,Kathmandu,Nepal	399895.14	399895.14
Preparation of brief environmental study(BES)and Detailed Project Report(DPR) of mohini jharna,thaha05	Data shool pvt.Ltd.,Latitpur,kathmandu	309804.57	309804.57
Preparation of brief environmental study(BES) of Kuibhir – bhyanjyang road and daman park ,thaha02,04	Experts point and research center Pvt.Ltd.,kathmandu	190518.00	190518.00
खैटेखोलाखर्कमोटरेवलपुलकोसंक्षिप्तवातावरणअध्ययन(BES)	श्रीएसओकन्स्ट्रक्सनप्रा.लि.,थापाथली-१०,काठमाडौ	292475.64	292475.64

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउने र तयारी/ स्वीकृती भएको परामर्श कार्यलाई अभिलेखांकन गर्नु पर्दछ । परामर्श सेवाको पूर्णतया: कार्यान्वयन गर्नुपर्दछ ।

१७ **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४४ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ६ वटा नियमावली ३ वटा निर्देशिका २८ वटा कार्यविधि र १ वटा आचार संहिता गरी जम्मा ४९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । निर्माण गरेका सबै कानुनहरु राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याएको विवरण पेश गरेको छ ।

१८ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा ल्यापटप, प्रिन्टर, डेस्कटप कम्प्यूटर, युएसजि मेसिन, युपियस, कुर्सि लगायतका सामानहरु मर्मत तथा लिलाम बिक्री गर्नुपर्ने उल्लेख गरेको छ । नियमावलीको व्यवस्था अनुसार ति सामानहरुको मर्मत संभार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१९ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ५१ गरी कुल ६१ विवाद दर्ता भएकोमा यो आर्थिक वर्षमा ४२ वटा विवाद फर्स्यौट भई बाँकी १४ वटा विवाद फर्स्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका ४१ वटा सहकारी संस्थाहरुमध्ये ३८ वटा सहकारी संस्था मात्र एकिकृत सूचना व्यवस्थापन प्रणालीमा आबद्ध रहेकोमा ४ वटा निस्कृय रहेका छन् । पालिका भित्रका ३ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध भएको पाइएन । पालिकाबाट यस बर्ष १२ वटा सहकारी संस्थाको अनुगमन गरीएकोमा देखिएको कैफियतहरु देहाय बमोजिम रहेका छन् ।

- सहकारी संस्थाहरुमा सहकारी ऐन र नियमावलीको ज्ञानमा कमी भएको पाइयो ।
- सहकारी संस्थामा आवश्यक समितीको गठन नभएको र गठन भएका समितीहरुले प्रभावकारी रुपमा कार्य नगरेको पाइयो ।
- कतिपय संस्थाको संचालक समिति र लेखा सुपरीवेक्षण समिति निष्कृय रहेको साथै आफ्नो भुमिका ठिकसँग निर्वाह नगरेको पाइयो ।
- कतिपय संस्थामा साधारण सभाको विधि प्रकृया नपुर्याइकन साधारण सभा सञ्चालन गरेको पाइयो ।
- सहकारी संस्थाहरुमा सहकारी शिक्षाको कमीका साथै सहकारी विभागको अनिवार्य गरेको कोपोमिस सफ्टवेयर प्रयोगमा न्युन, आवश्यक सिप र दक्षतामा कमी रहेको पाइयो ।

उक्त व्यहोराहरुको सम्बन्धमा सुधारको पहलकदमी जरुरी देखिन्छ ।

२१ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी व्यक्तिहरुलाई रु.४,१२,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६,०७,७२,४८०।६६ को ०.६७ प्रतिशत हुन आउँछ । गम्भीर बिरामी, असहाय, प्रकोप पिडित लगायतलाई रु ५०० देखि ५०००। सम्म यस्तो रकम वितरण गरेकोमा मापदण्ड र कार्यविधी तयार नभएकोले कार्यविधि र मापदण्ड बनाई वितरण गर्नुपर्दछ ।

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत वडा कार्यालय वडा स्वास्थ्य चौकी अस्पताल सहित

१६९ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सातौँ/आठौँ १, स्वास्थ्य हेइ अधिकृत सातौँ/आठौँ १, आर्किटेक्ट १, सहायक पाचौँ/छैठौँ ५, इन्जिनियर पाचौँ/छैठौँ ५ लगायत ३१ जनाको पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२३ **करार कर्मचारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी सवारी चालक सयस कार्यालय सहयोगी प्लम्बर ईलेक्ट्रिसियन चौकिदार मालि बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक सूचना प्रविधि अधिकृत, सव-इन्जिनियर, असिष्टेन्ट, सव-इन्जिनियर सहायक, कम्प्यूटर अपरेटर, अमिन, अनमि, अहेव र हेल्थ असिष्टेन्ट लगायत पदमा २७ जना कर्मचारी करारमा नियुक्त गरी रु.१,२०,६९,०५७।- तलब भत्ता भुक्तानी गरेकोले कानुनी प्रकृयाको पालना गरी कर्मचारी नियुक्त हुनुपर्दछ ।

२४ **विविध तथा अतिथी सत्कार खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रू.२४ लाख ४० हजार खाना खाजा लगायतमा खर्च गरेको छ । यस प्रकारको खर्च पालिका विषयगत शाखा तथा वडाका विभिन्न कार्यक्रममा भएको देखिन्छ । पालिकाको आन्तरिक आय रु ६ करोड ७ लाखको तुलनामा यो खर्च ४ प्रतिशत देखिएपनि सकभर आवश्यकता र औचित्यमा खर्च गरी विविध र अथिती सत्कारमा हुने रकमलाई न्यून गर्नुपर्दछ ।

२५ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.३,१९,७२,६९२।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.१७,७१,६९२।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

भौ.नं. र मिति	पेस्कीको विवरण	पेस्की लिनेको व्यक्ति फर्म तथा कम्पनिको नाम	म्याद नाघेको पेस्की	म्याद ननाघेको पेश्की
२८३।२०८०। ०९।१९	सवारी साधन मर्मत खर्च	हेभी सवारी चालक विशाल गोपाली	३००००	
३९७।२०८०। १०।२५	सरोकारवालाहरुसंगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम	रोजगार संयोजक कुमार नेगी	४१७००	
४२७।२०८०। १२।०४	उद्धार राहत तथा पुनर्स्थापना खर्च	अधिकृत अनिल लामीछाने	१०००००	
७०४।२०८१। ०३।१९	सवारी साधन मर्मत खर्च	हलुका सवारी चालक डाइमण्ड प्रधान	३००००	
१०।०८०।४।१	कलाँटु सडक थाहा १०	ए.के. बिल्डर्स	५४०८६२	
१०।०८०।४।१	चौकी किटेनी रुप्से सडक	ए.के. बिल्डर्स	८३२४७०	
१०।०८०।४।१	अन्य सार्वजनिक निर्माण	श्रृजना कन्सट्रक्सन	१५६६६०	
११।०८०।४।१	शीतभण्डार संरक्षण तथा बस्ती बचाउ योजना	त्रिपुरा सुन्दरी इन्फास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि.		१०४८०००
२।०८०।५।२१	थाहा शित भण्डार निर्माण (सामाग्री आपुर्ती)	एच के एम जनजागृती जे.भी.		१००००००००
२।०८०।६।१७	शित भण्डार निर्माण थाहा नगरपालिका	एच के एम जनजागृती जे.भी.		१००००००००
६।०८०।८।१०	शित भण्डार निर्माण थाहा नगरपालिका	एच के एम जनजागृती जे.भी.		२००००००
१०।०८०।१२। ८	कुलगाउँ कुन्छाल भित्रि सडक थाहा-१	आर.डि.आर - पाल्चोक जे.भी		१००००००
२८।०८१।२। २०	चौबास मुलखोला खानेपानी योजना, थाहा-७, मकवानपुर	असलेषा कन्स्ट्रक्सन प्रा. लि.		२४२०००
२१।०८१।२। ३२	गहते खोलाखर्क सडक	श्रृजना कन्स्ट्रक्सन प्रा.लि.		५०००००
२२।०८१।३।४	बाराही चौर ढल्ट ग्रमिण सडक थाहा-६	भिष्मा निर्माण सेवा		५२५०००
२३।०८१।३।४	कुलगाउँ कुन्छाल भित्रि सडक थाहा-१	श्रृजना कन्स्ट्रक्सन प्रा.लि.		५२००००
२५।०८१।३। १६	गहते खोलाखर्क सडक	श्रृजना कन्स्ट्रक्सन प्रा.लि.		५०००००
२६।०८१।३। १६	कुलगाउँ कुन्छाल भित्रि सडक थाहा-१	श्रृजना कन्स्ट्रक्सन प्रा.लि.		५२००००
२८।०८१।३। २०	बाराही चौर ढल्ट ग्रमिण सडक थाहा-६	भिष्मा निर्माण सेवा		५२५०००
९।०८०।४।१	फेदीखोला बस्ती सम्स्क्षणथाहा २ क्रमागत	सक्षम निर्माण सेवा		११२१०००
९।०८०।४।१	भूड्दल सडक वार्ड न ३	सक्षम निर्माण सेवा		२५००००
३४५।०८०। १०।१९	न्युनतम सेवा मापदण्ड (MSS) सुधार सुदृढिकारण तथा व्यवस्थापन कार्यक्रम	चित्लाङ स्वास्थ्य चौकी	४००००	

६।०८१।३।१९	Maintenance of dobato dandabas road	बि एण्ड पि निर्माण सेवा		७२५०००
७।०८१।३।२०	Maintenance of dobato dandabas road	बि एण्ड पि निर्माण सेवा		७२५०००
जम्माः			**१७७१६९२**	**३०२०१०००**

पेश्की	१७,७१,६९२

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९८.६५ दिनले ६४१२.२५ दिन रोजगारी उपलव्ध गराई रु.४४,११,४५६।- श्रमिक ज्याला खर्च गरेको छ । संचालित योजनामा सडक सरसफाई, बाटो खन्ने, बाटो ढुङ्गा सोलिङ्ग लगायतका कार्यक्रम संचालन भएको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२७ **दहत्तर बहत्तर तर्फ :**

प्रदेश आर्थिक ऐन, २०८० को दफा ९ मा दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत खानीजन्य पदार्थ) को शुल्क उठाउने व्यवस्था रहेको छ । साथै दफा १२ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानुन बमोजिम लगाइने शुल्क, दस्तुर, महसुल घटाउन बढाउन वा त्यस्तो शुल्क, दस्तुर, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्ने व्यवस्था भएपनि पालिकाको हकमा सो व्यवस्था छैन। पालिकाको प्रारम्भिक वातावरणीय प्रतिवदेन (IEE) २०७८ को आधारमा पालिका अन्तर्गतका खोलाहरुबाट १,१४,११७ घनमिटर अर्थात ४०,२६,०७२।४५ घन फिट परिमाण ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत खानीजन्य पदार्थ सङ्कलन/उत्खनन् गर्न सकिने विवरण पेश भएको छ । प्रदेश आर्थिक ऐन, २०८० को अनुसुचि-५ मा ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत खानीजन्य पदार्थ (स्वीकृत खानी क्षेत्रमा बाहेक) प्रति घनफिट रु.९ को दरले उठाउन सकिने व्यवस्था छ । पालिकाले आईईई अनुसार रु.३,६२,३४,६५२।०५ को राजस्व ठेक्का लगाउनु पर्नेमा मिति २०८०।४।१८ को राजस्व परामर्श समितिको बैठकले ओभरहेड चार्ज र प्रशासनिक खर्च वापत २५ प्रतिशत अर्थात रु.९०,५८,६६२।- घटाएर हुन आउने रु.२,७१,७५,९८९।- मा न्यूनतम अङ्क कायम गरी आर्थिक वर्ष २०८०।८१ को लागि ठेक्का लगाउने निर्णय गरी कार्यपालिका समक्ष सिफारिस गरेको पाइयो । सोहि बमोजिम पालिकाले पहिलो पटक मिति २०८०।४।२१, दोस्रो पटक मिति २०८०।५।२६ र तेस्रो पटक मिति २०८०।६।२६ मा सूचना आह्वान गरी दहत्तर बहत्तर शुल्कको सूचना प्रकाशन गरेकोमा तेश्रो पटकको सुचनामा मात्रै मिति २०८०।७।२३ मा धर्तिमाला बिल्डर्स प्रा.लि.ले रु.२,७७,४२,१२७।१५(भ्याट सहित) बढी कबोल गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना गोरखापत्रमा प्रकाशन गरेको छ । सोही बमोजिम मिति २०८०।८।३० मा बोलपत्र स्विकृत गरी मिति २०८०।९।२३ मा धर्तिमाता बिल्डर्स प्रा.ली.सँग सम्झौता गरेकोले घटाएर राजस्व ठेक्का लगाउने आधार पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	९०,५८,६६२

२८ **भ्याट बाहेकमा सम्झौता :**

प्रदेश आर्थिक ऐन, २०८० को दफा ९ मा दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत खानीजन्य पदार्थ) को संकलन अनुसुची -५ बमोजिम शुल्क लगाइने र उठाइने व्यवस्था छ । साथै प्रदेश आर्थिक ऐन, २०८० को अनुसुचि-५ मा ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत खानीजन्य पदार्थ (स्वीकृत खानी क्षेत्रमा बाहेक) प्रति घनफिट रु.९ को दरले उठाउन सकिने व्यवस्था छ । पालिकाको प्रारम्भिक वातावरणीय प्रतिवदेन (IEE) २०७८ को आधारमा पालिका अन्तर्गतका खोलाहरुबाट १,१४,११७ घनमिटर अर्थात ४०,२६,०७२।४५ घन फिट परिमाण ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत खानीजन्य पदार्थ सङ्कलन/उत्खनन् गर्न सकिने विवरण पेश

भएको छ । पालिकाले IEE अनुसार प्रति घनफिट रु.९- का दरले रु.३,६२,३४,६५२।०५(भ्याट बाहेक) को राजस्व ठेक्का लगाउनुपर्दछ तर पालिकाले मिति २०८०।४।१८ को राजस्व परामर्श समितिको बैठकले ओभरहेड चार्ज र प्रशासनिक खर्च वापत २५ प्रतिशत अर्थात रु.९०,५८,६६२।- घटाएर हुन आउने रु.२,७१,७५,९८९।-(भ्याट बाहेक) मा न्यूनतम अङ्क कायम गरी आर्थिक वर्ष २०८०।८१ को लागि ठेक्का लगाउने निर्णय गरी कार्यपालिका समक्ष सिफारिस गरेको छ । सोही बमोजिम पालिकाले पहिलो पटक मिति २०८०।४।२१ मा, दोस्रो पटक मिति २०८०।५।२६ मा र तेस्रो पटक मिति २०८०।६।२६ मा सूचना आह्वान गरी दहत्तर बहत्तर शुल्कको सूचना प्रकाशन गरेकोमा मिति २०८०।७।२३ मा धर्तिमाला बिल्डर्स प्रा.लि. ले रु.२,७७,४२,१२७।१५(भ्याट सहित) बढी कबोल गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना गोरखापत्रमा प्रकाशन गरेको छ । सोही बमोजिम मिति २०८०।८।३० मा बोलपत्र स्विकृत गरी मिति २०८०।९।२३ मा धर्तिमाता बिल्डर्स प्रा.ली.सँग सम्झौता गरेको छ । सूचनामा रु.२,७१,७५,९८९।-(भ्याट बाहेक) भनि प्रकाशन गरेको छ । मिति २०८०।९।२३ मा सम्झौता भएकोमा सोमा समेत रु.९।- भ्याट बाहेक भनी उल्लेख गरेको छ । धर्तिमाता बिल्डर्स प्रा.ली.ले कबोल गरेको बोलपत्र रु.२,७७,४२,१२७।१५(भ्याट सहित) लाई उच्च कबोल मानि छनौट गरेको छ । सूचना तथा सम्झौतामा समेत भ्याट बाहेक भनि उल्लेख गरेको अवस्थामा समेत बिल्डर्सले पेश गरेको सो रकमलाई भ्याट सहित मानि राजस्व उठाएको देखिन्छ । पालिकाले भ्याट समेत रु.३,०७,०८,८६७।- लाई न्यूनतम अंक मानि सूचना गरेको छ तर बिल्डर्सले कबोल गरेको रु.२,७७,४२,१२७।१५ लाई भ्याट सहित र रु.९।- लाई भ्याट बाहेक भनी सम्झौता गरेको छ । प्रति घनमिटर रु ९ लाई भ्याट बाहेक गरी सम्झौता गर्दा प्रति घनमिटर ३१७ VAT बाहेक र रु ३५८ VAT सहित हुने देखिन्छ । तर बिल्डर्सबाट रु. २,७७,४२,१२७।१५ लाई VAT समेत मानि रकम बुझाएकोले राजस्व घाटा परेको रु.

अनियमित भएको	३५,३२,८७८

२९ **राजस्व असुली :**

आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए प्राप्त भएको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै दफा २८(२) मा सोही दिन वा भोलिपल्ट दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न सकिने व्यवस्था छ । पालिकालेवडा ९ को चामखोलामा रहेको प्राकृतिक स्रोत एकमुष्ट बिक्री गरी रु.१९,६३,६५७।- उठाउने गरी चित्लाङ चन्द्रगिरी थानकोट सडक निर्माण सरोकार समितिसँग मिति २०८०।०६।५ मा सम्झौता गरेको छ । सोही बमोजिम चित्लाङ चन्द्रगिरी थानकोट सडक निर्माण सरोकार समितिका प्रतिनिधिले (राजन बस्नेत) प्रथम किस्ता प्रभु बैंकबाट रु.५ लाख दाखिला गरेको छ । सम्झौताको बुंदा नं २(क) अनुसार दोस्रो किस्ता रु.७ लाख ३१ हजार ८ सय २९ रुपैंया मिति २०८० मंसिर ५ भित्र र तेस्रो किस्ता रु.७ लाख ३१ हजार ८ सय २९ रुपैंया मिति २०८० माघ ५ गते भित्र बुझाउनुपर्ने उल्लेख गरिएको छ । तर चित्लाङ चन्द्रगिरी थानकोट सडक निर्माण सरोकार समितिले अन्तिम लेखा परीक्षण गर्दाको बखत सम्म पनि दोस्रो र तेस्रो किस्ता बापतको रकम भुक्तानी गरेको देखिएन । साथै पालिकाले ठेक्का लाग्नु भन्दा अगाडि अमानतवाट राजस्व संकलन गर्न नियुक्ती गरेका दुई जना कर्मचारीहरु विकास बलामी र ईश्वरमान गोपालीले निम्नानुसारको राजस्व दाखिला गरेको देखिएन । पालिकाले मिति २०८१।८।१० च.नं.१०७३ पत्र संख्या ०८१।८२ मा जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई निम्नानुसारका व्यक्ति र समितिबाट जरिवाना सहित राजस्व असुलीमा सहयोग गरिदिनुहुन भनि पत्राचार गरेको देखियो तर जिल्ला प्रशासन कार्यालयबाट कुनै प्रतिक्रिया दिएको देखिएन । लेखापरीक्षण अवधिसम्म पनि राजस्व दाखिला गरेको नदेखिएकोले सो व्यक्ति र समितिबाट १० प्रतिशत जरिवाना समेत असुल उपर गरी विभागीय कारवाही समेत गर्नुपर्ने रु.

राजस्व दाखिला नगर्ने कर्मचारी र समिति	दाखिला गर्नुपर्ने रकम	जम्मा जरिवाना सहित दाखिला गर्नुपर्ने रकम(२०८१पुस मसान्त सम्म)
चित्लाङ चन्द्रगिरी थानकोट सडक निर्माण सरोकार समिति को प्रतिनिधि (राजन वस्नेत)	१४६३६५८	१६१३६८३
विकास वलामी	५३३६५०	५८८३५०
ईश्वरमान गोपाली	१३४७५०	२०२०६३
जम्मा		**२४०४०९६**

पालिकाले तयार गरेको राजस्वको श्रेस्ताको नमुना परीक्षण गर्दा प्राप्त भएको राजस्व सहि नै हो भन्ने आधार खुलेन । राजस्व उठाएको रसिदहरुको अर्धकट्टी राखी परिक्षण भिडान समेत नगरेकोले पालिकाले संकलन गरेको राजस्व रकममा आश्वस्थ हुने आधार देखिएन ।

असुल गर्नुपर्ने	२४,०४,०९६

३० **जरीवाना :**

आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए प्राप्त भएको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै दफा २८(२) मा सोही दिन वा भोलिपल्ट दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न सकिने व्यवस्था छ । पालिकालाई ढुङ्गा, गिट्टी, रोडा, वालुवा लगायत खानीजन्य पदार्थ ठेक्का वापत बुझाउनुपर्ने किस्ता रु.१,१०,९६,८५०।८६ समयमा दाखिला नगरेकोले पालिकाले मिति २०८१।३।२० मा धर्तिमाता विल्डर्स प्रा.ली. लाई रु.९,१२०।६९ जरिवाना रकम दाखिला गर्न भनि पत्राचार गरेको छ । धर्तिमाला बिल्डर्सले लेखापरीक्षण अवधिसम्म सो रकम दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,१२०.६९

३१ **निशुल्क लोगो :**

स्थानीय सरकारवाट खरिद भई जनतालाई निशुल्क रुपमा उपलब्ध गराउने औषधी र सामानहरुमा निशुल्क वितरण सम्बन्धी छाप अनिवार्य रुपमा लगाउनुपर्दछ । यस विभागले यस वर्ष खरिद भुक्तानी गरेका र अन्य निकायबाट प्राप्त गरेका औषधी समेतको स्टोरमा नमुना अवलोकन गर्दा केहिमा निशुल्क वितरण लोगो भएको र केहिमा नभएको देखियो । यसरी ठूलो परिमाणमा जनतालाई निशुल्क वितरण गर्ने प्रयोजनार्थ खरिद भएका औषधीहरुमा निशुल्क वितरण लोगो नहुँदा खरिद तथा आपुर्ति व्यवस्थापनको सिलसिलामा उक्त औषधीको दुरुपयोग भई निजी क्लिनिकमा समेत जाने जोखिम रहन्छ । स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले खरिद प्रकृया गर्दा नै सप्लायर्सलाई सम्झौतामा उक्त निशुल्क लोगो अनिवार्य गरी खरिद कार्य गर्नुपर्दछ । यस सम्बन्धी उदाहरण निम्नानुसार रहेका छन् ।

औषधीको नाम	निशुल्क लोगो
Anomycitin Eye ointement	Institutional supply only
MoxyRex KID	Institutional supply only
Zink Tablet ZITOP	Institutional supply only
Ultracid-5	Free distributor only
Cotrizde Cream	Institutional supply only

३२ **जग्गा व्यवस्थापन नभै खरिद कार्य :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कारवाहा गर्नुहुदैन भन्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका कार्य गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारवाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । यसरी भएको खर्च कानुनी प्रावधान अनुसार नभएकोले कानुनी प्रकृयाको पालना गरी कार्य गर्नुपर्दछ ।

भ◌ौ.नं र मिति	भुक्तानी पाउने सस्था	भुक्ताती रकम
२३२।८०।१२।२७	तामाङ्ग समुदायिक भवन वडा ७	६२८२३९
३८४।८१।३।१९	छाप सामुदायिक भवन मर्मत थाहा	२९१०००
३८५।८१।३।१९	जगडाडाँ सामुदायिक भवन निर्माण	१९३५२०५
जम्मा		**२८५४४४४**

३३ **महंगी भत्ता :**

अर्थ मन्त्रालयको पत्र संख्या ३६५।०३।०७८।७९ च.नं. १७१९ को पत्र बमोजिम करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने मिति २०७९।१।१५ मा निर्णय गरेको छ । सोहि निर्णय बिपरित थाहा नगरपालिकाले ९७ जना कर्मचारीलाई प्रति महिना रु.२,०००।- का दरले मंशिर सम्ममा रु.९,३०,०००।- भुक्तानी गरेको देखिएको छ । पालिकाले गत बर्षको महालेखा परीक्षक कार्यालयको प्रतिबेदनको सुझाब अनुसार महंगी भत्तामा पौष देखी सुधार भएको देखिन्छ ।

३४ **खाजा खर्चः**

नगरसभाको मिति २०८०।३।१० को निर्णय नं ८ बमोजिम कार्यालय र वडा कार्यालयका कार्यरत कर्मचारीहरुलाई खाजा खर्च प्रतिदिनि रु. ७०।- दिने व्यवस्था गरेको छ । पालिकाले कुनै खाजा खर्च सम्बन्धी कार्यविधि बनाएको छैन । खाजामा यस पालिकाले रु ९०००००।- कार्याविधि बेगर खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३५ **पदाधिकारी सुविधाः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ मा पदाधिकारीहरुलाई पोशाक सुविधा सम्बन्धी व्यवस्था गरेको देखिदैन । थाहा नगरपालिकाको नगरसभाको निर्णय अनुसार पालिकाको सम्पूर्ण पदाधिकारीहरुलाई रु.१०,०००।- का दरले पोशाक बापत रु.६,३०,०००।- भुक्तानी दिएको देखिएको छ । यसरी पोशाक खर्च लेख्न मिल्दैन । यस पालिकाका पदाधिकारी समेतको छलफल हुँदा ५ बर्षमा एक पटक हुने गरी खर्च लेखेको र सभामा उपस्थित हुनेहरुले अभद्र किसिमको समेत पोशाक प्रयोग गर्ने गरेकोले सभामा उपस्थितले प्रयोग गर्ने पोशाकमा एकरुपता ल्याउन पोशाक खर्च लेखेको भनाई आएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३६ **कानुनी सल्लाहकारः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७६ ले पालिका प्रमुख तथा उपप्रमुखले कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको देखिदैन । पालिकामा १ जना कानुनी सल्लाहकार नियुक्त गरी मासिक रुपमा रु.१०,०००।- का दरले बार्षिक रु.१,२०,०००।- सेवा सुविधा प्रदान गर्दै आएको देखिएको छ । यसरी ऐन विपरीत हुने गरी नियुक्त गरेका सल्लाहकार र निजलाई भुक्तानी गरेको तलव भत्ता तथा अन्य सेवा सुविधा अनियमित देखिएको रु.

अनियमित भएको	१,२०,०००

३७ **कार्यसम्पादन र अग्रिम जमानतः**

बाराहीचौर ढाल्टारोड स्तरउन्नति अन्तर्गत रु ६० लाख ८० हजार ४ सय ६९ मा भिष्म निर्माण सेवा जितपुर सिमरा सँग भएको सम्झौता अनुसारको कार्यसम्पादन जमानत र अग्रिम कार्यसम्पादन जमानतको म्याद मिति २०८१।७।३० मा गुज्रिसकेकोले कार्य सम्पादन जमानत रु १३६७५०० र अग्रिम कार्यसम्पादन जमानत रु १०५०००० गरी जम्मा रु २४,१७,५०० को बैङ्क जमानत प्रमाण पेश गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	२४,१७,५००

३८ **अन्य निकायको खर्चः**

नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको हुन्छ साथै रकम नपुग भएमा तालुक निकायसँग नै माग गर्नुपर्दछ तर पालिकाले आफ्नै बजेट विनियोजन भएको इलाका प्रहरी कार्यालयलाई कार्य प्रयोजनको लागि रु.१२,०००।- भुक्तानी गरेकोले खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१२,०००

३९ **कार्यान्वयन पुस्तिका विपरीत**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा IEMIS को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रत्येक सामुदायकि विद्यालयको बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।-, कक्षा १ प्रोटफोलियो समेत रु.१००।-, आधारभुत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।-, आधारभुत तह(कक्षा ६-८) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।-, माध्यमिक तह(कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।- र माध्यमिक तह(कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी रु.२५०।- का दरले शिक्षण सिकाई सामाग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापन वापत रकम निकासा दिने व्यवस्था छ । पालिकाले भौ.नं. ४३९।२०८०।१२।२६ बाट कक्षा १-५ सम्मको लागि प्रोटफोलियो वापत रु.१७,१०,०२२।- निकासा गरेको देखिन्छ । पुस्तिका बमोजिम कक्षा १ को लागि मात्र पोर्टफोलियो वापत निकासा गर्नुपर्नेमा कक्षा २ देखि ५ सम्मको लागि पनि निकासा गरेकोले पुस्तिका विपरितको रु.२,०६,०००।- असुल गर्नुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	रकम
१	जनकल्याण मा.वि., थाहा-३ घट्टेचौर	१४९००
२	सुन्दरीदेवी मा.वि., थाहा-७,डाडाँबास	९८००
३	सरस्वती मा.वि.,थाहा-७, देउखेल	३७००
४	इन्द्रायणी मा.वि.,थाहा-८, आग्रा	५९००
५	जलदेवी प्रा.वि.,थाहा-९, कखुविर्ता	२७००
६	नाटेश्वर मा.वि.,थाहा-१०, टौखेल	४२००
७	चम्पेश्वर आ.वि.,थाहा-१०, विस्निंखेल	४५००
८	जनक प्रा.वि.,थाहा-९, कुश्लेचौर	३३००
९	सुनौला मा.वि., थाहा-१,कुन्छाल	९१००
१०	बसन्त प्रा.वि., थाहा-५,फुर्केबसन्त	७२००
११	दुर्गादिवी प्रा.वि.,थाहा-५, तसर	६३००
१२	हिमालय प्रा.वि.,थाहा-६, लामिडाडा	२९००
१३	झम्केश्वरी मा.वि.,थाहा-१, ओखरबजार	६५००
१४	सरस्वती आ.वि., थाहा-२,अङ्गारे	३९००
१५	मत्स्यनारायण मा.वि.,थाहा-२,सोल्टु	६७००
१६	घाटदेवी आ.वि., थाहा-२,फेदीगाँउ	४१००
१७	वागेश्वरी मा.वि., थाहा-११,नौखण्डे	८३००
१८	प्रभात प्रा.वि., थाहा-११,नागान्झाल	३२००
१९	सेतिगणेश आ.वि., थाहा-३,शिखरकोट	४१००
२०	ऋषेश्वर प्रा.वि., थाहा-४,दामन	३९००
२१	बज्रबाराही मा.वि., थाहा-६,थहचोक	७४००
२२	स्वच्छन्द भैरव मा.वि., थाहा-९,चित्लाङ	५४००
२३	उदय प्रा.वि.,थाहा-६, बुढिचौर	५१००
२४	महाँकाल प्रा.वि., थाहा-८,काभ्रेछाप	४५००
२५	कालागणेश प्रा.वि., थाहा-८,बाहुनगाँउ	२७००
२६	महाँकाल आ.वि., थाहा-११,टिष्टुङ	६२००
२७	टिष्टुङ देउराली प्रा.वि., थाहा-१२	२०००
२८	सातकन्या प्रा.वि., थाहा-१२,जगडाँडा	३४००
२९	बालकुमारी प्रा.वि.,थाहा-४, ठूलोमार्खु	२६००
३०	माहालक्ष्मी प्रा.वि., थाहा-९,चित्लाङ	४४००

३१	सुर्यबाराही प्रा.वि.,थाहा-७, आग्रा	२३००
३२	नागदह प्रा.वि., थाहा-१२,लिति	५१००
३३	कालिदेवी देउराली प्रा.वि., थाहा-११	२०००
३४	ठाडे प्रा.वि., थाहा-११,ठाडे	३१००
३५	वागेश्वरी प्रा.वि., थाहा-५,सानोफाकल	१४००
३६	जनता प्रा.वि., थाहा-११,नागछेडा	२१००
३७	कालिकादेवी प्रा.वि.,थाहा-१, खानीगाँउ	२०००
३८	जनता प्रा.वि.,थाहा-३, दम्कीचौर	२४००
३९	पञ्चकन्या प्रा.वि., थाहा-७,ऐसेलुखर्क	२७००
४०	जनता प्रा.वि.,थाहा-१२, पनेरुडाँडा	६३००
४१	टिष्टुङ देउराली चेम्बर प्रा.वि.,थाहा-१२	२६००
४२	मनकामना प्रा.वि., थाहा-११,टिष्टुङ	३३००
४३	बुद्ध आ.वि., थाहा-८,काभ्रेछाप	५९००
४४	कुटेश्वरी प्रा.वि., थाहा-७,आग्रा	३७००
४५	चण्डिका प्रा.वि.,थाहा-७, आग्रा	२२००
जम्माः		**२०६०००**

असुल गर्नुपर्ने	२,०६,०००

४० **दिवा खाजा :**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयहरुले पेश गरेको विद्यार्थीको उपस्थितिको विवरणको आधारमा विभिन्न भौ.नं.बाट ५३ वटा सामुदायिक विद्यालयको खातामा रु.७३,९०,०४५।- निकासा गरेको छ । पालिकाले दिवा खाजा खर्च लेख्दा विद्यालयहरुको अनुगमन गरी त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाको आधारमा निकासा गर्नु पर्दछ।

४१ **पाठ्यपुस्तक खरिदः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम

मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले भौ.नं. ४३९।२०८०।१२।२६ बाट निशुल्क पाठ्यपुस्तक वापत रु.२८,९०,३०४।- निकासा गरेकोमा निम्नानुसार विद्यालयहरुलाई रु.२०,१०७।- बढी निकासा गरेकोले असुल हुनुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	निकासा रकम	वितरण भरपाई	बढी	रकम
१	सुन्दरादेवि मा.वि.	कक्षा ६ ३०*७१२.८	२२	७	४९९०
		कक्षा ८ २७*८८७.७	२३	३	२६६३
		कक्षा ९ ४१*७७४.४	३७	३	२३२३
२	सेती गणेश प्रा.वि.	८३०७१	७२९४०		१०१३१
जम्माः					**२०१०७**

असुल गर्नुपर्ने	२०,१०७

४२ शिक्षक दरवन्दी र पदपूर्ति :

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ५३ वटा विद्यालयमा २८६ जना शिक्षक दरबन्दी भएकोमा सबै पदपूर्ति र पदपूर्तिमध्ये १३९ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ६५४८ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

४३ नमुना विद्यालय :

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४(संशोधन सहित) मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक शुसासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी प्रति विद्यालय ३० लाख देखि ५० लाखसम्म कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउने उल्लेख छ । साथै विद्यालयले सम्झौता अनुसार काम गरे वा नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले यस वर्ष भौ.नं. ४२७।०८०।१२।२० बाट जनकल्याण माविलाई प्रस्वात पेश गरे बमोजिम रु.१६ लाख ९५ हजार अनुदान निकासा तथा बाँकी रु.१५ लाख ५ हजारबाट स्मार्ट बोर्ड खरिद गरी हस्तान्तरण गरेको छ । विद्यालयले पेश गरेको प्रस्तावमा स्मार्ट बोर्ड, ल्यापटप, शिक्षक भ्रमण, शिक्षण सामाग्री, शिक्षण सिकाई, बाल उद्यान, विज्ञान प्रयोगशाला, खेलकुद सामाग्री, प्रोत्साहन तथा पुरस्कार, जनकल्याण स्मारिका, गणित विज्ञान र अंग्रेजी उपचारात्मक शिक्षण, प्रशासनिक खर्चमा सो अनुदान खर्च गर्ने उल्लेख गरेकोमा सो बमोजिम कार्य सम्पन्न गरी बिल भरपाई पेश गर्नुपर्नेमा सो गरेको देखिएन । साथै निर्देशिका अनुरुप कार्य गरी प्रगति प्रतिवेदन समेत पेश गरेको देखिएन । विद्यालयले सो रकमबाट बाल उद्यान निर्माणमा रु.४,८९,९१५।-, एसर एसपायर आई-५ ल्यापटप ४ वटाको रु.२,९८,०००।- डेस्कटप कम्प्यूटर ९ सेट, १ वटा आई-३ ल्यापटपको रु.१,९६,६००।-, प्र.अ. प्रशासनिक भत्ता वापत रु.१ लाख गरी रु.१०,८४,४१५।- खर्च गरेको छ । विद्यालयले खरिद गरेका ल्यापटप जिन्सी दाखिला गरेको भएता पनि सहायक जिन्सी खाता राखी कसले बुझेको हो सो यकिन गर्न सकिंदैन । प्र.अ. प्रशासनिक भत्ता रु.१ लाख भुक्तानी गरेकोमा के वापत हो सो यकिन गर्न सकिएन । अतिरक्त कक्षा वापत भए कक्षा लिएको प्रमाण र १५ प्रतिशत कर कट्टा गरी सो पेश गर्नुपर्ने, ल्यापटप बुझेको सहायक खातामा राखी प्रमाण पेश गर्नुपर्ने तथा अन्य क्रियाकलाप सञ्चालन गरेको प्रमाण पेश गर्नपर्ने रु.

प्रमाण पेश नगरेको	१०,८४,४१५

४४ **कक्षा ८ परीक्षा सञ्चालन :**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५१ को क्रियाकलाप १५.१ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवंम विद्यार्थी मूल्यांकनको लागि प्रति विद्यार्थी वार्षिक रु.२७५।- का दरले खर्च गर्न सक्ने व्यवस्था छ । साथै परीक्षालाई थप व्यवस्थित गर्न स्थानीय तहले आन्तरिक स्रोतबाट बजेट व्यवस्था गर्न व्यवस्था छ । पालिकाले भौ.नं. ४८५।०८१।२।२१ बाट मिति २०८०।१२।१ देखि ८ सम्म सञ्चालित कक्षा ८ को परीक्षमा ६१७ जना विद्यार्थी सामेल भई रु.१,९६,३८५।- खर्च गरेको देखिन्छ । विद्यार्थि संख्या ६१७ को प्रति विद्यार्थी रु.२७५।- का दरले रु.१,६३,६२५।- खर्च गर्न सक्नेमा रु.३२,७६०।- बढी खर्च गरेकोले संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

सोधभर्ना नलिएको	३२,७६०

४५ **जिन्सी दाखिला :**

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५७(४) बमोजिम जिन्सी मालसामान हस्तान्तरण गर्दा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नुपर्ने तथा मालसामान बुझिलिने कार्यालयले हस्तान्तरण भई आएको मालसामान जिन्सी खातामा आम्दानी बाँधी सोको जानकारी साविक कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । साथै बुझिलिने कार्यालयबाट आम्दानी बाँधेको जानकारी प्राप्त भएपछि साविक कार्यालयले त्यस्ता मालसामानको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ५४०।२०८१।३।२३ बाट ठेक्का गरी ७५ इन्चको २६ वटा स्मार्ट बोर्ड खरिद गरी हिमालय सोलुसन प्रालिलाई रु.४२,५१,२८६।- भुक्तानी गरेको छ । पालिकाले सामान जिन्सी दाखिला गरी विद्यालयहरुलाई हस्तान्तरण गरेकोमा विद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश गरेको छैन । साथै स्पेसिफिकेशन बमोजिम ३ वर्ष वारेन्टी भएको कार्ड समेत पेश गरेको देखिएन । पालिकाले फर्मबाट वारेन्टी भएको कार्ड तथा विद्यालयले सो सामान जिन्सी दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४२,५१,२८६

४६ **शुन्य दरवन्दी:**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभुत कक्षा तह ६-८ संचालित विद्यालयमा कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने व्यवस्था छ । साथै विद्यार्थी संख्या अधिक भएका विद्यालयमा स्थानीय तहले शिक्षक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार विद्यालयहरुलाई कार्यक्रम कार्यन्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम १ जना शिक्षक नियुक्ति गर्नुपर्नेमा २ जना नियुक्ती गरी रु.१५,६७,०००।- भुक्तानी गरेको छ । पुस्तिका बमोजिम शिक्षक नियुक्ति गरी रकम निकासा गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४७ **स्यानिटरी प्याड खरिद :**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. ३८८।२०८०।१०।५ बाट ३५०८० प्याकेट निशुल्क सेनिटरी प्याड बोलपत्र मार्फत खरिद गरी रु.९,१०,९३६।- भुक्तानी गरेकोमा विद्यालयहरुलाई ३१३७६ हस्तान्तरण गरी ३७०४ बाँकी देखिन्छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा दोस्रो त्रैमासिकमा खरिद गरेको पाइयो । पालिकाले प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४८ **बढी ग्रेड भुक्तानी :**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजू गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै शिक्षा नियमावली, २०५९ को नियम १०२ मा निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको शुरु तलब बराबर भएमा सो तलबमा १ वृद्धि थप गरिने तथा साविक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको शुरु तलब भन्दा बढी भएको अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब वृद्धि गरी माथिल्लो श्रेणीको एक तलब वृद्धि समेत दिन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसार शिक्षकहरुलाई तलब भत्ता भुक्तानी गर्दा बढी ग्रेड रु.३७,३७९।-(क.सं. कोष समेत) भुक्तानी गरेकोले असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	शिक्षकको नाम	रकम	कैफियत
१	नाटेश्वर मा.वि.	धमेन्द्र प्रसाद अर्याल	२०८२०	तलबी प्रतिवेदन बमोजिम ३ भुक्तानी ४
२	जनकल्याण मा.वि.	राजाराम कार्की	१६५५९	तलबी प्रतिवेदन बमोजिम ७ भुक्तानी ८
जम्मा			**३७३७९**	

असुल गर्नुपर्ने	३७,३७९

४९ **सिप परीक्षण :**

सिटिइभिटि का आंगिक शिक्षालयसंग समन्वयमा उद्यमशिलता सिप विकास तालीम शिर्षक अन्तर्गत ब्यूटिपार्लर तालीम सञ्चालन गर्न रु.५ लाख बजेट विनियोजन भएको छ । पालिकाले भौ.नं. ५२६।०८१।३।२० बाट मिति २०८१।१।२ मा रेशी ब्यूटिपार्लरसंग सम्झौता गरी ३९० घण्टाको ब्यूटिपार्लर तालीम सञ्चालन गरी रु.४,८३,०७९।- भुक्तानी गरेको छ । सम्झौताको बुंदा नं १० मा तालीम पश्चात सहभागीहरुलाई थाहा बहुप्राविधिक शिक्षालयसंग समन्वय गरी सिटिईभिटिको मान्यता प्राप्त सीप परीक्षण तथा प्रमाणपत्र प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । पार्लरले मिति २०८१।३।१६ मा तालीम सम्पन्न पश्चात सिप परीक्षण गरी सहभागीहरुलाई रोजगारी योग्य बनाउनुपर्नेमा सिप परीक्षण गरेको देखिएन । पालिकाले सिप परीक्षण गरे पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेकोले पार्लरलाई जिम्मेवारी बनाई सिप परीक्षण गरेपछि मात्रै भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

५० **मेड्पा कार्यक्रम :**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालीमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बाँसको मुढा बनाउने, डल कुसन बनाउने तालीम सञ्चालन गरी रु.२,४९,८१९।- भुक्तानी गरेकोमा उत्पादन भएका सामानहरु कोसेली घरमा पठाएको भन्ने जानकारी प्राप्त भएको छ । सो उत्पादित सामानहरु जिन्सी दाखिला गरेको समेत देखिएन । ती सामानहरु कोसेली घर पठाएको जानकारी भएकोमा कति परिमाण, बिक्री भए वा भएन, सो बिक्रिबाट प्राप्त राजस्व दाखिला भए वा भएन यकिन गर्न नसकिएकोले सो यकिन गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

५१ **छात्रवृत्ति वितरण :**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भरपाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ४३९।२०८०।१२।

२६ बाट निम्नानुसार छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.८,८४,०००।- छात्रवृत्ति निकासा गरेकोमा विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	रकम
१	गणेशप्रा.वि.,थाहा-१२ सरंगपुर	१६००
२	जनकल्याणमा.वि.,थाहा-३ घट्टेचौर	८२८००
३	सुन्दरीदेवीमा.वि., थाहा-७,डाडाँबास	४८४००
४	सरस्वतीमा.वि.,थाहा-७, देउखेल	२६०००
५	इन्द्रायणीमा.वि.,थाहा-८, आग्रा	४७२००
६	जलदेवीप्रा.वि.,थाहा-९, कखुविर्ता	८०००
७	नाटेश्वरमा.वि.,थाहा-१०, टौखेल	२५२००
८	चम्पेश्वरआ.वि.,थाहा-१०, विस्निंखेल	२१२००
९	जनकप्रा.वि.,थाहा-९, कुश्लेचौर	८४००
१०	सुनौलामा.वि., थाहा-१,कुन्छाल	३४८००
११	बसन्तप्रा.वि., थाहा-५,फुर्केबसन्त	२८४००
१२	दुर्गादिवीप्रा.वि.,थाहा-५, तसर	२५२००
१३	हिमालयप्रा.वि.,थाहा-६, लामिडाडा	८४००
१४	झम्केश्वरीमा.वि.,थाहा-१, ओखरबजार	४०४००
१५	सरस्वतीआ.वि., थाहा-२,अङ्गारे	२४०००
१६	मत्स्यनारायणमा.वि.,थाहा-२,सोल्टु	३२४००
१७	घाटदेवीआ.वि., थाहा-२,फेदीगाँउ	१७२००
१८	वागेश्वरीमा.वि., थाहा-११,नौखण्डे	७७२००
१९	प्रभातप्रा.वि., थाहा-११,नागान्झाल	५६००
२०	सेतिगणेशआ.वि., थाहा-३,शिखरकोट	२६०००
२१	ऋषेश्वरप्रा.वि., थाहा-४,दामन	९६००
२२	बज्रबाराहीमा.वि., थाहा-६,थहचोक	५२०००
२३	स्वच्छन्दभैरव मा.वि., थाहा-९,चित्लाङ	३५२००
२४	उदयप्रा.वि.,थाहा-६, बुढिचौर	१२०००
२५	महाँकालप्रा.वि., थाहा-८,काभ्रेछाप	१४०००
२६	कालागणेशप्रा.वि., थाहा-८,बाहुनगाँउ	६४००
२७	पञ्चकन्याप्रा.वि., थाहा-१,पोडेगाँउ	१६००
२८	टिष्टुङदेउराली प्रा.वि., थाहा-१२	४०००
२९	सातकन्याप्रा.वि., थाहा-१२,जगडाँडा	९२००
३०	बालकुमारीप्रा.वि.,थाहा-४, ठूलोमार्खु	४४००

३१	सुर्यबाराहीप्रा.वि.,थाहा-७, आग्रा	६०००
३२	नागदहप्रा.वि., थाहा-१२,लिति	१६०००
३३	कालिदेवीदेउराली प्रा.वि., थाहा-११	५२००
३४	ठाडेप्रा.वि., थाहा-११,ठाडे	६०००
३५	वागेश्वरीप्रा.वि., थाहा-५,सानोफाकल	६४००
३६	जनताप्रा.वि., थाहा-११,नागछेडा	८०००
३७	मंगलेश्वरप्रा.वि., थाहा-२,भाङ्गोरिया	३२००
३८	कालिकादेवीप्रा.वि.,थाहा-१, खानीगाँउ	५६००
३९	जनताप्रा.वि.,थाहा-३, दम्कीचौर	४०००
४०	गणेशप्रा.वि., टिस्टुङ्ग	१६००
४१	पञ्चकन्याप्रा.वि., थाहा-७,ऐसेलुखर्क	५२००
४२	जनताप्रा.वि.,थाहा-१२, पनेरुडाँडा	१९६००
४३	टिष्टुङदेउराली चेम्बर प्रा.वि.,थाहा-१२	६८००
४४	मनकामनाप्रा.वि., थाहा-११,टिष्टुङ	९६००
४५	बुद्धआ.वि., थाहा-८,काभ्रेछाप	२२८००
४६	कुटेश्वरीप्रा.वि., थाहा-७,आग्रा	५६००
४७	चण्डिकाप्रा.वि.,थाहा-७, आग्रा	६०००
४८	बालज्योतिप्रा.वि.,थाहा-१, कुटि	४०००
४९	कल्याणप्रा.वि., थाहा-५, ठूलोफाकल	५६००
जम्मा		**८८४०००**

त्यसै गरी महांकाल माविका ७० जना छात्रा तथा दलित छात्रहरुलाई रु.२८,०००।- निकासा गरेकोमा रु.२४,०००।- को मात्र वितरण भरपाई पेश भएकोले नपुग रु.४,०००।- असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने

प्रमाण पेश नगरेको	८,८८,०००

५२ **कार्यक्रम अनुगमन :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन तर पालिकाले तालीम गोष्ठी कार्यशाला अध्ययन भ्रमण तथा बैठक खर्च सम्बन्धी निर्देशिका २०८० को परिच्छेद २ बुदा नं १५ मा योजना वा कार्यक्रम अनुगमन सुपरिवेक्षण भत्ता सार्वजनिक परीक्षण लगायतको हकमा रु.१,०००।- प्रदान गर्ने ब्यवस्था गरेको छ । पालिकामा पेश भएका गौश्वारा भौचरको नमुना परीक्षण गर्दा पालिकाले निम्नानुसार तालीम तथा कार्यक्रम सञ्चालन गरी अनुगमन गरेको भनी रु.१,०००।- का दरले ६२ जना कर्मचारीको लागि रु.३,३१,८६०।- भत्ता भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु. ३३१८६०

अनियमित भएको	३,३१,८६०

५३ **काज :**

निजामती सेवा ऐन, २०४९ को दफा १८(क) बमोजिम कुनै पनि निजामती कर्मचारीलाई निज कार्यरत मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयबाट सोही निकायको काममा मात्र अन्य स्थानमा काजमा खटाउन सकिने र यसरी काजमा खटाउँदा १ वर्षमा ३ महिना भन्दा बढी अवधिको लागि काज खटाउन नपाइने व्यवस्था छ । साथै ऐन विपरित काजमा खटाइएमा त्यसरी काजमा खटिएको निजामती कर्मचारीले सो अवधिमा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम काज खटाउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरी कारवाही गर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कर्मचारीहरुलाई विभिन्न मितिमा काज सरुवा तथा काजमा ल्याएको देखिन्छ । दरवन्दी भएको कार्यालयमा काम काज गर्न खटिएका कर्मचारीहरुलाई अन्य कार्यालयमा काज सरुवा गरेको छ । काज सरुवा हुंदा दरवन्दी भएका कार्यालयमा कर्मचारी अभाव भई सेवा प्रवाहमा असर पर्ने तथा करारमा कर्मचारी भर्ना गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । त्यसैले पालिकाले काज गएका कर्मचारीहरुलाई काज फिर्ता गर्नुपर्ने वा सरुवा गरी अन्य कर्मचारी माग गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त पार्नुपर्दछ ।

सि.नं.	कर्मचारीको नाम	काज गएको र आएको मिति	कार्यालय	कैफियत
१	आनन्द सुनार	२०८१।१।३१	पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक	गएको
२	नमुना कला कौषिक	२०७९।६।२२	हेटौंडा उप महानगरपालिका	गएको
३	रुपचन्द्र धराला	२०७८।८।२८	त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा	गएको
४	दिपेश प्रसाद कलवार	२०७७।९।२२	पर्सागढि नगरपालिका, पर्सा	गएको
५	योगनारायण साह	२०७७।१२।२	ब्रहमपुरी गाउँपालिका, सर्लाही	गएको
६	चन्दन प्रसाद रौनियार	२०७८।१२।१५	जितपुर सिमरा उमनपा, बारा	गएको
७	श्याम बहादुर दोङ	२०७६।४।१३	जि.स.स. मकवानपुर	गएको
८	डम्बर बहादुर विश्वकर्मा	२०७९।४।११	भरतपुर महानगरपालिका, चितवन	आएको
९	रोजिना खड्का	२०७९।६।७	चन्द्रपुर नगरपालिका, रौतहट	आएको

५४ **न्यानो झोला कार्यक्रम :**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १० वटा बर्थिङ सेन्टरको लागि गत वर्ष ४०० थानको रु.३,५९,६००।- र यस वर्ष ७०० थानको रु.६,२९,३०३।७८ खरिद गरेकोमा ९५० थान वितरण गरी १५० बाँकी रहेको देखिन्छ । बर्थिङ्ग सेन्टरमा गत वर्ष २४१ जना र यस वर्ष २१६ जना गरी ४५७ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा गत वर्ष खरिद गरिएका १५० थान न्यानो झोला लेखापरीक्षण अवधिसम्म भण्डारमा रहेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **भ्रमण खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **बढी भुक्तानी :**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **सहभागी यातायात :**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ बमोजिम सार्वजनिक निकायले सञ्चालन गर्ने कार्यक्रममा सहभागीहरुलाई २ दिनसम्म चल्ने कार्यक्रमको लागि सार्वजनिक यातायात चल्ने स्थानमा बस बापतको न्यूनतम भाडा र सार्वजनिक यातायात नचल्ने स्थानमा एकमुष्ठ रु.२००।- र २ दिन भन्दा बढी जतिसुकै दिन भएपनि एकमुष्ठ रु.५००।- यातायात खर्च दिने व्यवस्था छ । पालिकाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सन्जाल गठन तथा क्षमता विकास कार्यक्रम मिति २०८०।१२।६ मा सञ्चालन गरी ४० जना सहभागीहरुलाई दैनिक रु.२००।- का दरले यातायात खर्च भुक्तानी गर्नुपर्नेमा रु.५००।- का दरले रु.१२,०००।- बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,०००

५८ **क्लियरिङ्ग एण्ड ग्रयाबिङ्ग रोड(प्र.म.रोजगार) :**

सार्वजनिक निकायले नर्म्सको प्रयोग गर्दा कम लागत पर्ने नर्म्सको प्रयोग गर्नुपर्दछ । सडक विभागको नर्म्स बमोजिम क्लियरिङ्ग एण्ड ग्रयाबिङ्ग रोडको दर विश्लेषण गर्दा रु.१३।७६ हुन्छ । पालिकाले यस वर्ष क्लियरिङ्ग एण्ड ग्रयाबिङ्गको काममा रु.२७।५२ दर विश्लेषण गरी ७ वटा योजनाको १९५९०.४६ परिमाणको रु.५,३९,१२९।- भुक्तानी गरेको छ । पालिकाले बढी दर विश्लेषण गरी रु.१३।७६ को दरले १९५९०.४६ परिमाणको रु.२,६९,५६४।- बढी व्ययभार पारेकोले अनियमित देखिएको रु.

अनियमित भएको	२,६९,५६४

५९ **म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको म्याद थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सक्ने व्यवस्था छ । यो वर्ष कार्यालयले १४ वटा ठेक्काको खरिद सम्झौता गरेकोमा २ वटा सम्झौताको शत प्रतिशत, ९ वटा ठेक्काको ५० प्रतिशतसम्म र १ वटाको ५० प्रतिशत भन्दा बढी म्याद थप गरेको देखियो । साथै नियमावलीको नियम १२०(६) मा भएको व्यवस्था अनुसार ५० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था कार्यालयमा भएको छैन । यसरी कानुन बाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६० **बाराहिचौर ढाल्टारोड स्तरउन्नती:**

प्रदेश समपुरक योजना अन्तर्गत खरिद कार्य शुरु भएको रु ६० लाख ८० हजार ४ सय ६९को सम्झौतामा निर्माणधिन वाराहिचौर ढाल्टारोड सडक स्तरउन्नति कार्य गर्न भिष्मा निर्माण सेवा, जितपुर सिमरासगँ २०८१।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा दोस्रोपटक मिती २०८१।७।३० सम्म म्याद थप भएको छ। हालसम्मको भौतिक र वित्तीय प्रगति ३४ प्रतिशत अर्थात २० लाख ७३ हजार मात्रै रहेकोले दोस्रो पटक थपेको म्यादमा समेत कार्य सम्पादन हुन सकेको देखिएन ।

६१ **कोल्डस्टोर:**

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको २०७५।७६ को वार्षिक कार्यक्रम अनुसार थाहा नगरपालिका ३ मा पालुङ्ग बहुउदेश्यीय सहकारी संस्था लि. को ३० प्रतिशत र मन्त्रलायको ७० प्रतिशत लागत साझेदारीमा ने.रु ११ करोड ४७ लाख ६२ हजार ७९४ मा सम्पन्न गर्ने गरी मन्त्रालयल र सहकारी वीच सम्झौता भएकोमा उक्त सम्झौता बमोजिमको रकममा शितभण्डार संचालन गर्न आवश्यक

सबै पुर्वाधार तयार गरी हस्तान्तरण गर्ने उल्लेख रहेकोमा काम गर्दै जाँदा शितभण्डारको उद्देश्य पुरा हुन नसक्ने देखिएको, उत्पादीत सामाग्रीको आकार अनुसारको सानो वा ठुलो क्षमतामा सञ्चालन गर्न शितभण्डारको निर्माणलाई पाटेशन नगरी पुरै क्षमतामा सञ्चालन गर्ने गरी डिपिआर गरेको, स्टिल लगायतका सामानहरु आइटमवाइज नगरी एकमुष्ठ BOQ मा राखेको आदी कारण म्याद थप समेतको मिती २०७९।५।३० मा रु ९९२८८२१९ मा कोल्डस्टोरको सिभिल स्टक्चरको भवन मात्रै निर्माण सम्पन्न भएको देखिन्छ। भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र थाहा नगरपालिका बिच भएको शूरुकै खरिद सम्झौतामा कोल्ड स्टोरलाई उद्वेश्यमूलक बनाउनु पर्नेमा सिभिल स्ट्रक्चरको काम मात्र पुरा भएको देखिन्छ । त्रुटीपुर्ण डिपिआर गर्ने कन्सल्टिङ्ग फर्म जिम्मेवार रहेकोले उक्त फर्मलाई कारवाही र कालोसूचीमा राखेको देखिएन । गलत डी पि आर गर्ने Next Arc Consultant PVT. LTD. लाई कारवाहीको प्रकृया अगाडी बढाउनुपर्दछ । पहिलो चरणमा कोल्ड स्टोर उद्देश्यमूलक हुन नसकेपछी सोही सिभिल स्ट्रकचरको खाकामा रहने गरी दोस्रो चरण देखि थाहा नगरपालिकाको ७० प्रतिशत र पालुङ बहुउद्वेश्यिय सहकारी संस्थाको ३० प्रतिशत साझेदारी रहने गरी सोही भौतिक संरचनामा रहने गरी बाहिरको मात्रै कार्यहरुको लागि जस्तै वाउण्ड्रिवाल, सडक ढलान, नाली निर्माणमा रु. ६६३३०७५। भुक्तानी भएको देखिन्छ । यसै गरी तेस्रो चरणमा मिति २०८०।४।१६ मा १२ करोड ५२ लाख ५ हजार ४४९ मा निर्माण व्यवसायी जनजागृती जे. भि. सगँ मिती २०८२।४।१५ मा सम्पन्न गर्ने गरी सम्झौता सम्पन्न भई चौथो रनिङ्ग विल सम्म ४ करोड ६३ लाख ५१ हजार ५२ भुक्तानी भएको छ । तेस्रो चरणको मुल कार्यहरुमा कोल्डस्टोरलाई पुर्ण रुपमा सम्पन्न गर्न ढलान, काठ, विजुली, A/C सहितको heating, ventilation, Air conditioning(AVAC) को कार्य सञ्चालन रहेको छ। सम्झौता मितिले २४ महिनामा सम्पन्न हुनुपर्ने उक्त कार्यको प्रगति ३६ प्रतिशत मात्रै रहेकोले समयमा कार्यसम्पन्न गर्ने वातावरण तयार हुनुपर्दछ। तेस्रो चरणको डि पि आर र लागत अनुमानमा समेत पालुङ बहुउद्वेश्यिय सहकारीको तर्फबाट स्वामित्व लिदै हस्ताक्षार र स्विकृति भई सकेको स्थितीमा पालुङ बहुउद्वेश्यिय सहकारी संस्थाले निर्माण कार्य प्रगतिको आधारमा पालिकालाई बुझाउनु पर्ने साझेदारी बापतको बेहोर्नु पर्ने रकम रु १ करोड ३५ लाख बक्यौता रहेकोले सहकारीबाट असूल हुनुपर्दछ ।

६२ **मिनिटिलर खरिद:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले खरिद कार्य गर्नुपर्दा सम्भव भएसम्म खुल्ला रुपमा वोलपत्रको माध्यमवाट खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष किसानहरुलाई प्रदान गरेको अनुदान कार्यक्रमवाट ३ वटा दरभाउ लिई सामानको मूल्य एकिन गरी उपभोक्ताले पेश गरेको विलको आधारमा निर्धारित दरमा अनुदान वितरण गरेको पाइयो । खरिद कार्यमा प्रतिस्पर्धा मार्फत मितव्ययीता कायम गरी कृषकलाई प्रदान हुने सामानको मूल्यमा समेत कम गर्ने गरी वितरण गर्नेगरी सामानलाई एकमुष्ठ वोलपत्रवाट खरिद गरी खर्चमा मितव्ययीता अपनाउनुपर्नेमा सो गरेको पाइएन । वोलपत्र माध्यमवाट खरिद गर्नुपर्नेमा पटक पटक भुक्तानी गरी खर्च लेखेकोले मालसामानहरुको विवरण र अनुदान रकम निम्नानुसार रहेको छ ।

स◌ामानको नाम	**थान**	**अनुदान रकम**
मल्चिङ्ग	६२२	१२३३३६०
स्पेयर	२०५	४०८९७५
सितपोलिन	१६०	४४००००
नमुना टनेल ५०० वर्ग मिटर	४९	३९६३२१७
नमुना टनेल २५०० वर्गमिटर	५	१९६४३६८
मिनिटिलर ६ एच पि पेट्रोल	२०१	४५२२५००
मिनिटिलर ६ एचपि. डिजेल	३६	११७००००
जम्मा		**१३७०२४२०**

६३ **सडक ढलान नर्म्स :**

पालिकाले पूँजीगत खरिद कार्यको प्रकृति अनुरुप उपयुक्त र व्यवहारिक नमर्शको प्रयोग गरी खरिद सम्बन्धि कार्यलाई मितव्ययी, गुणस्तरीय व्यवहारिक बनाउनपर्दछ। सडक निर्माणको कार्य गर्दा सडक विभागले जारी गरेको निर्माण सम्बन्धी नर्म्स २०७५ को आधारमा ढलान कार्य गर्नुपर्नेमा गत विगत देखि नै डोलिडारको नमर्श प्रयोग रहेको देखियो। हालका उपभोक्ता समिति, ठेक्का लगायत कार्यमा सडक निर्माणमा मिक्चर मेसिनको प्रयोग हुने हुदाँ म्यानुअल केन्द्रित डोलिडारको नर्म्स अमितव्ययी र व्यवहारीक नहुने देखिन्छ । यस पालिका अन्तर्गत संञ्चालित उपभोक्ता समितिबाट भएका सबै खरिद सम्झौताको सडक ढलान कार्यको ८२१५ घ.मी. M15 को ढलान कार्यमा प्रतिघनमिटर १३१५ को दरले बढी भुक्तानी भएकोले खरिद कार्य अमितव्ययी हँदा पालिकालाई रु. १,०८,०२,७२५। थप व्ययभार परेको छ ।पालिकाले सडक निर्माणमा मितव्ययी नर्मशको प्रयोग जानुपर्दछ ।

अनियमित भएको	१,०८,०२,७२५

६४ **कन्टिन्जेन्सी खर्च :**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको प्रत्येक योजनाबाट ३ प्रतिशत रकम कट्टा गरी कन्टिन्जेन्सी रु.३८ लाख ८८ हजारको खर्च भएको विवरण पेश गरेको छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको पाइएन । योजना अनुसार प्याकेज बनाई कन्टिन्जेन्सी रकम नापी किताबमा राख्नुपर्छ । पालिकाले पेश गरेको विवरणमा कति बजेट खर्च भयो कति कन्टिन्जेन्सी वापत प्राप्त हुनुपर्ने भन्ने प्रष्ट नगरी एकमुष्ट पेश गरेको छ ।

कन्टिन्जेन्सी खर्चको विवरणमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना र अन्य खर्च २ प्रतिशत गरी खर्च गर्न सक्ने व्यवस्था भएपनि रु.३८ लाख ८८ हजार खर्च पेश गरेको एकमुष्ट विवरण पेश भएको छ । कुन -कुन शिर्षकमा कति खर्च भयो भनी एकिन नगरी खर्च लेख्नाले कन्टिजेन्सी रकम आवश्यकता बमोजिम खर्च भयो भन्ने एकिन भएन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गर्ने निर्देशिका अनुसार सानातिना खर्च छुट्टाएर मात्रै कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

६५ **मेशिन प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्ट्रिब्यूटर विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाइने व्यवस्था छ । यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न योजनाहरुमा मेशिन प्रयोग गरेको पाइयो । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

क्र.सं.	समितिको नाम	सम्झौता मिती	सम्झौता रकम	मेशिन
१	धामी टोल ढल्ट पुल निर्माण उपभोक्ता समिति	०८/०६/२०८०	३३४६४०५.००	जे सि बि
२	लामाचौर सिन ढुंगा सडक	०६/२९/२०८०	५५८१३७.२७	जे सि बि
३	झम्केशोरी बिधालय बाटो निर्माण	०७/१५/२०८०	२२३३४९३.०८	जे सि बि
४	संखेल फाट कृषि सडक	०७/०४/२०८०	५५७८५४.०५	जे सि बि
५	दुप्चे भन्ज्यांग सडक	१२/१४/२०८०	८९२४९१.२१	जे सि बि

६६ **ट्याककोट :**

सडक विभागले जारी गरेको नमर्श २०७५ र section १३०२ मा Bitimunous surface and base course अन्तर्गत ट्याक कोटमा बिटुमिन स्प्रेदर प्रति वर्गमिटरमा ०.६ लिटर हुने व्यवस्था छ । पालिका अन्तरगर्तको पाल्चोक भेटवाल सडक कालोपत्रे तथा मर्मत कार्यमा निर्माण व्यवसायी ॐ कालभैरव कन्सट्रक्सन प्रा.ली सगँ रु ५००५९३६ मा ठेक्का सम्झौता गरेकोमा कालोपत्रे कार्यमा

टयाककोट वापत प्रति वर्गमिटर १ लिटरको दरले विटुमिन खर्च लेखेको छ। १२१० वर्ग मिटरमा ८१० लिटर खर्च हुनेमा १२१० लिटर नै खर्च लेखेकोले ४८४ लिटरको रु.६२,९२०।- बढी खर्च लेखेको विटुमिनको दरमा असुल उपर गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६२,९२०

६७ **बीमा :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद कार्यको बीमा गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत गहते देखि खोलाखर्क सडक स्तरउन्नती गर्न निर्माण व्यवसायी BNP निर्माण सेवासगँ रु १ करोड ३६ लाख ४५ हजार ८ सय ५६ को सम्झौता भएकोमा २०८१।३।८ मा उक्त अवधिको कार्य सम्पन्न भएको छ । सार्वजनिक खरिदको अन्तरनिहित जोखिम न्यूनिकरण गरी जोखिमलाई स्थानान्तरण गर्न उक्त सडकको बीमा गर्नुपर्नेमा सो वेगर कार्य गरेको छ । कानुनी प्रकृयाको पालना गरी खरिद कार्य सम्पादन गर्नुपर्दछ।

६८ **जटिल संरचना निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार उपकरणहरुको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन पुल कल्भर्ट ओभरहेड टंकी निर्माण ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

भौ.नं. र मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२२७।२०८०।१२।२५	धामी टोल ढल्ट पुल निर्माण उपभोक्ता समिति	कल्भर्ट निर्माण	२७४३२१३.००
२३२।२०८०।१२।२७	तामाङ समुदायक भवन	भवन निर्माण	४७५९७३.००
२२१।२०८०।१२।२०	वार्ड कार्यालय भवन निर्माण उपभोक्ता समिति	वार्ड कार्यालय तला थप	४६१०८१.००
२२१।२०८०।१२।२०	कलाटु मन्दीर	कलाटु मन्दीर निर्माण	६७६४१५.००
३८३।२०८१।०९।१९	पालुंग गडी पिकनिक स्पोर्ट उपभोक्ता समिति	पालुंग गडी पिकनिक स्पोर्ट	१४१२५९३.००
१४०।२०८०।११।११	जग डाडा घाटेपाटे निर्माण उपभोक्ता समिति	घाटेपाटे निर्माण	७६३५२६.००
३८५।२०८१।०३।१९	जग डाडा समुदायक भवन उपभोक्ता समिति	भवन निर्माण	१८९९०८१.००
जम्मा			**७७५५४६७.००**

६९ **म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्बन्धी विवरण निम्नानुसार छ ।

आयोजनाको विवरण	सम्झौता मिति	सम्झौतारकम	सम्पन्नगर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अबधि	प्रगति
चौवास खानेपानी योजना	२०७८/२/३	३६८८६९६।८५	सम्झौतको दुई महिनाभित्र	६३५८६१	सातौ पटक म्याद थप प्रमाण छैन।	१७ प्रतिशत
१५शैया आधारभुत अस्पताल	२०७८।१। २६	१२५६०७०६९। १६	२०७८।१।२६	५३२२५२७३	२०८०।१।२३ दोस्रो पटक एकवर्ष	४२ प्रतिशत

पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका २ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको पचास प्रतिशत अवधिभन्दा बढी म्याद थप भएका २ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

७० **खाजा खर्चः**

नगरसभाको मिति २०८०।३।१० को निर्णय नं ८ बमोजिम कार्यालय र वडा कार्यालयका कार्यरत कर्मचारीहरुलाई खाजा खर्च प्रतिदिनि रु.७०।- दिने व्यवस्था गरेको छ । संघीय सशर्त शिर्षकको जुन शिर्षकमा बजेट विनियोजन भएको हो सोहि शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै कार्य संचालन निर्देशिका २०७७ को बुंदा नं ७.१.४ मा अतिरिक्त समय काम गरेको, सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएको हुनुपर्ने तथा विद्युतिय हाजिर प्रणाली अनिवार्य रुपमा लागु हुनुपर्ने व्यवस्था छ । पालिकाले सो निर्णय बमोजिम निम्नानुसार कर्मचारीहरुलाई मासिक रुपमा रु.१,५००।- का दरले वर्षभरी रु. रु.२,२७,२०५।- भुक्तानी गरेको देखिन्छ । अतिरिक्त काम गरेको प्रमाण बिना मासिक रुपमा र संघीय सशर्त चालु शिर्षकबाट खाजा खर्च भुक्तानी गर्ने आधार नभएकोले सो रकम असुल हुनुपर्ने रु.

सि.नं.	कर्मचारीको नाम	रकम
१	सुनिता बुढा	१३३६५
२	मेलिना खत्रि	१३३६५
३	सुनिता बस्नेत	१३३६५
४	कुमार नेगी	१३३६५
५	सन्तोष केसी	१३३६५
६	प्रदिम्न हमाल	१३३६५
७	बाल कुमारी ढकाल	१३३६५
८	मेघराज बलामी	१३३६५
९	स्वेता पराजुली	१३३६५
१०	विकाश विक	८९१०
११	सुमन गोपाली	१३३६५
जम्मा		**१४२५६०**

असुल गर्नुपर्ने	१,४२,५६०

७१ **संयोजक भत्ता :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६,५४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७२ **बिल भरपाई :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ४३०।०८०।१२।२१ बाट इमिसमा आधारित कक्षा ८ परीक्षा व्यवस्थापन सम्बन्धी तालीम सञ्चालन गरी माधव विक्रम मल्ललाई रु. ५८,७४०।- भुक्तानी गरेको छ । १ दिनको तालीममा २ वटा बिलमा खाना नास्ताको बिल राखी बिल पेश भएकोमा एउटा बिल रु.१२,७५०।- मिति नखुलेको तथा दोहोरो बिल भएकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,७५०

७३ **तालीम अनुगमन :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७४ **बढी ग्रेड भुक्तानी :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,५४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७५ **उपभोक्ता समितिको बीमा नगरेको :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा उपभोक्ता समिति मार्फत कार्य हुने रु २० लाख भन्दा वढीको कार्यको बीमा गराउनुपर्ने व्यवस्था छ। यस पालिकावाट संचालित योजनाहरुमा २० लाख भन्दा वढीको खरिद सम्झौता भएकोमा नियमानुसार बीमा गराएको छैन । निर्माणजन्य खरिदकार्यमा भविष्यमा हुने जोखिमलाई न्यूनिकरण गर्न नियमावलीको पालना गरी बीमा गराउनुपर्दछ । यस सम्बन्धी केहि उदाहरणहरु निम्न छन् ।

भौ. नं र मिति	योजना	रकम
२९९।८१।३।९	महादेवस्थान कोलेचौर सडक उ.स.	२००००००
३४३।८१।३।२	हात्तीपाहिले दुईदले सडक ढलान उ.स.	२२३१९६
	धामीटोल ढल कल्भर्ट निर्माण	२४४३२१३

७६ **प्रमाण वेगरको भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । भौ.न. २८९।८१।२।२ वाट पाखाटोल कृषि सडक ढलान योजनाको उ.स. मार्फत कार्य भएकोमा सम्झौता बमोजिमको गुणस्तर परीक्षणको रकम रु १५,००० भुक्तानी गरेपनि गुणस्तर परीक्षणको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्ने अन्यथा असुल उपर गर्ने रु

प्रमाण पेश नगरेको	१५,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : थाहा नगरपालिका, मकवानपुर , थाहा नगरपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुरेन्द्र प्रधान	२०८१-८-१०	हाल सम्म कार्यरत
लेखा प्रमुख	अमर बहादुर जि सी	२०८०-८-२६	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,०२६,९१९.४२	२१,७०९,६८६.८४	२६,३१७,५६३.३८	०	३२,७६०	१,७७१,६९२
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५२,८५८,६२१.६४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४४,३४२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५२,८१४,२७९.६४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८३५४६५९३.४२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४१७०७४४०३.९५	चालु खर्च	४६६६०३२६६.२७
प्रदेश सरकारबाट अनुदान	१११९१७१०६.७५	पूँजीगत खर्च	३६२०७९६६९.२६
राजश्व बाँडफाँट	१९८९६३२४५.३६	वित्तीय/अन्य व्यवस्था	२०५९०६१२९.६८
आन्तरिक आय	६०७७२४८०.६६		
अन्य आय	२०७०५८७२८.५४		
कुल आय	९९५७८५९६५.२६	कुल खर्च	१०३४५८९०६५.२१
बाँकी मौज्दात		४४७४३४९३.४७	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।